कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)
Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

055NP01C01

मिसनेरी निर्देशिका



पाष्टरीय तालीम पुस्तिका

५५

तालीम र वृद्धि

T&M ®

यो म्यानुएल कसरी प्रयोग गर्ने

- **हामी यसलाई मेनु (सूची)को रुपमा प्रयोग गर्दछौं ।**

- **पाठ्यक्रमको क्रमअनुसार होइन, तर मण्डली अथवा मिसनेरीलाई जब चाहिन्छ त्यसअनुसार पढाउने विषयहरु हामी छान्दछौं ।**

- **जब कुनै क्रियाकलाप लागू भएको छ, "अभ्यास पूरा गरिएको" भनेर कहाँ लेखिएको छ थाहा गरि हाल्नोस् ।**

- वर्तमानमा भइरहेको: म गइरहेको छु, इत्यादि ।

- वर्तमान पूर्ण (काम सकिएको छ): म गएको छु, इत्यादि ।

- सरल भूत: म हिज गएँ, इत्यादि ।

सहयोगको निम्ति बुँदाहरु:

- तपाईंको सहयोगीसित बातचीतलाई टेप गर्नोस् (यदि तपाईंसँग टेपरिकार्डर भए)।

- वाक्यहरु सुन्न अनि पछिबाट दोहोऱ्याउन टेप गर्नोस् ।

- क्यासेटको शुरुमा गणकलाई ००० मा राख्नोस् । जब तपाईंले केही टेप गर्नुहुन्छ तब नम्बर नोट गरिराख्नोस् । २३१ - क्रियाविशेषणहरु, २३ फरवरी २००३ । पछि फेरि सुन्नलाई त्यो क्यासेटलाई २३१ सम्म रिवाइन्ड गर्नोस् (जुन नम्बर तपाईंले नोट गर्नुभएको छ)।

© Project WorldReach © SEAN

- विवरणात्मक: “मासु खाने कुकुर रमाइरहेको जस्तो देखिन्छ ।”

- हटाउने (नचाहिँदो शब्दहरु हटाउने): “उसले ती खानलाई आनन्द मान्यो ।”

विभिन्न प्रकारका क्रियाहरु पत्ता लाउने अनि अभ्यास गर्ने

विभिन्न प्रकारका क्रियाहरु पत्ता लाउनोस् अनि अभ्यास गर्नोस् (काल अनि चाल)। कति क्रियाहरुले कामलाई बुझाउँछ (“कुकुरले खान्छ”)। अरु कतिपयले हुनुको अर्थ बुझाउँछ (“उ लोभी छ ।”)।

यदि तपाईंको नयाँ भाषामा छ भने, निम्न कुराहरु अभ्यास गर्नोस्:

- वर्तमान काल: म जान्छु, तिमी जान्छौ, उ जान्छ, तिनीहरु जान्छन् ।

भाग १
हाम्रो मण्डली राष्ट्रहरुमा पुग्न तयार बन्नु पर्छ

मि१. मिसनेरी कार्यको लागि येशूको अधिकारलाई मानिलिनोस् ।

मि२. येशूलाई नचिन्ने मानव जातिहरु अनि मिसनेरीहरुको लागि प्रार्थना गर्नोस् ।

मि३. मसनेरी कार्यको लागि उहाँको दर्शन बाँड्न हामीलाई परमेश्वरले सहायता गरुन् भनी हामी प्रार्थना गरौं ।

मि४. बेवास्ता गरिएका मानव जातिहरुको बारेमा जानकारी लिनोस् अनि एउटा जातिलाई चुन्नोस् ।

मि५. मिसनेरीहरु पठाउने बन्दोबस्त मिलाउनोस् ।

मि६. यस कामको लागि जोसित परमेश्वरको वरदान छ तिनीहरुलाई चिनेर, तयार पारेर अनि पठाउने काम गर्नुहोस् ।

© Project WorldReach © SEAN

मि७. अन्तर-सांस्कृतिक क्षेत्रमा बेजोडसँग काम गर्ने अनि तपाईंले छान्नुभएको क्षेत्रमा रुची लिने संस्थासँग सहभागिता लिनोस्, अथवा त्यस्तै संस्था खडा गर्नोस् ।

मि८. मसनेरीहरुलाई सपोर्ट अनि वास्ता गर्नोस् ।

भाग २
अरु संस्कृतिहरुमा सेवा पुऱ्याउनको लागि हामी राम्ररी तयारी हुनुपर्छ

मि९. परिवारहरुको मूल व्यक्तिबाट शुरु गरेर सुसमाचार प्रचार थाल्नु होस् ।

मि१०. ससाना झुण्डहरुमा परमेश्वरको आराधना गरौं ।

मि११. नयाँ विश्वासीहरुलाई चेला बनाउनु होस्, उनीहरुलाई येशूको आज्ञा पालन गर्न सिकाउनु होस् ।

मि१२. व्यक्तिगत चेलापनद्वारा अगुवाहरुलाई तालीम दिनुहोस् ।

- श्रेणीवद्ध (केही पहिचान गर्छ): "त्यो मान्छे अफ्रिकन हो ।"
- वर्णनीय (वस्तु अथवा मानिसहरुको बारेमा वर्णन गर्दछ): "यो अन्धो मान्छे बढो होशियारी व्यक्ति हो ।"
- क्रियाविशेषण (क्रियाको कामलाई वर्णन गर्दछ): "उ होशियारीपूर्वक हिँड्छ ।"
- सम्बन्ध (स्वमित्व बुझाउने): "त्यो कुकुर रोजरको हो ।"
- स्थान: "कुकुर भान्साकोठाभित्र पस्यो ।"
- नकारात्मक: "होइन, कुकुर भान्साकोठाभित्र पसेको छैन ।"
- प्रश्नवाचक: "के कुकुर किचनभित्र पसेको छ ?" "त्यहाँ को छ ?" "यो के थियो ?"
- विस्मयादिबोधक: "कुकुरले मासुको चौटाहरु खाँदैछ !"
- आज्ञा: "त्यो पशुलाई त्यो किचनबाट बाहिर निकाल !"
- मिश्रित: "कुकुर एन्जेलाको हो तर उनी त अघि नै गइसकिन् ।"

विभिन्न प्रकारका वाक्यहरु अनि शब्दहरु पत्तो लगाई अभ्यास गर्नु

जब तपाईंले एउटा नयाँ व्याकरणिक रुपमा सिक्नुहुनेछ, यसलाई तुरन्तै अरु रुपसित तुलना गर्दै प्रयोग गर्नुहोस् । अरु भाषाहरुको पनि कति नियम हुन्छन् जो तपाईंलाई थाहा नहुन सक्छ । तल दिइएका बोलीमा भएका भिन्नताहरु पत्ता लाउनोस्:

- अकर्मक (जसको कर्म हुँदैन): "दुइ मानिसहरु सुत्नु ।"
- यो भनाइलाई तपाईंका मानिसहरुले एकदमै भिन्नै पार ाले पनि व्यक्त गर्नसक्छन्: "सुत्नु मान्छे मान्छे ।"
- सकर्मक (कर्म हुन्छ): "त्यो मान्छेले दैलोलाई हिर्कायो ।"
- यो यसो पनि हुनसक्छ: "मान्छेले दैलोलाई हिर्काउनु बनायो ।"
- व्यक्तीय (कर्ताको आफैमाथि क्रिया जनाउने): "मान्छेले आफैलाई धुन्छ ।"

मि१३. हरेक टीम सदस्यको वरदान अनि सीमिताहरु जान्नुहोस् ।

मि १४. जुन क्षेत्रमा सुसमाचार पुऱ्याउन चाहनुहुन्छ, त्यहाँकै संस्कृतिसित परिचित सेवकहरु खोज्नु होस् ।

मि१५. सुसमाचार प्रचारको निम्ति निषेधित क्षेत्रहरुमा कुनै पेशा अप्नाएर सेवा पुऱ्याउने काम गरियोस् ।

भाग ३
बढो प्रेमिलो भावमा हामीले अर्को संस्कृति र मानिसहरुलाई ग्रहण गर्नुपर्छ

मि१६. त्यस नौलो ठाउँका मानिसहरु अनि तिनीहरुको संस्कृतिप्रति प्रेममय आदर देखाउनु होस् ।

मि१७. त्यो संस्कृतिलाई सुहाउँदिलो तरिका अनि सामाग्रीहरु प्रयोग गर्नुहोस् ।

मि१८. त्यहाँको भाषा राम्ररी सिक्नुहोस् ।

भाग ४
मानिसहरुले सुसमाचारप्रति रुची लिन थाल्छन्

मि१९. खीष्टप्रति अभिरुची लिने मानिसहरु खोज्नोस् ।

मि२०. सारा परिवारहरु अनि समुदायहरुसित व्यवहार गर्नोस् ।

मि२१. नयाँ विश्वासीहरुले अनुकरण गर्नसक्ने गरी सुसमाचार प्रचार गर्नोस् ।

मि२२. बप्तिस्माद्वारा उसको विश्वासलाई निश्चित पार्नुहोस् ।

मि२३. बडो बुद्धिमानीपूर्वक मुस्लिम, हिन्दू अनि बौद्धमार्गी तथा अन्य धर्मावलम्बीहरुसित वर्ताव गर्नोस् ।

भाग ५
नयाँ चेलाहरुले प्रभु येशू खीष्टको आज्ञा पालन गर्दछन्

मि२४. सबैभन्दा बढी येशूका आज्ञाहरु पालन गर्नोस् ।

- अमेरिकाको होपी जनजाति: हरियो घर धेरै ठूलो ।
- भियतनामी: घर रङ्ग हरियो छ धेरै ठूलो ।
- फारसी (इरान): घर हरियो धेरै ठूलो छ ।

जब तपाईंले एउटा नयाँ व्याकरणिक नियम सिक्नुहुन्छ, यसलाई बोलीचालीमा घरिघरि प्रयोग गर्नुहोस् ।

साथै सट्टामा राखेर गर्ने अभ्यास पनि जारी राख्नोस् । तपाईंले चाहनु भएको वाक्यांश प्रयोग गर्नुहोस्, तब यसलाई विभिन्न शब्दहरु साटफेर गरेर दोहोऱ्याउनु होस् ।

- "यहाँ यो मेरो प्रथम दिन हो ।"
- "यहाँ यो मेरो दोस्रो दिन हो ।"
- "यहाँ आज यो मेरो प्रथम दिन होइन ।"

- "भोलि हामी समुद्र किनारतिर गइरहेका छौं ।"
- "भोलि हामी नदीतिर गइरहेका छौं" ...किनार ...देश....मध्य...।"

- "केटीले एक नीलो स्कर्ट लगाइन् ।"
- "सुन्दर स्कर्ट लगाउनु" ....किसिम...हरियो...लामो....रेशमी

जब तपाईंले नयाँ स्वर पत्ता लाउनु हुन्छ, योसित सम्बन्धित केही शब्दहरु लेखिहाल्नोस् । तपाईंको सहयोगीसित तपाईंले अर्को दिन अभ्यास गरिहाल्नु पर्छ ।

एउटै स्वर भएका दुइ शब्दहरु तिनीहरुलाई आपसमा तुलना गर्नको निम्ति तपाईंको सूचीमा गाभिहाल्नोस् । तपाईंको सहयोगीले उच्चारण गर्न सके जस्तै गरी गर्न नसकुञ्जेल, ती शब्दहरुलाई सुन्न अनि दोहोऱ्याउन नछोड्नोस् ।

व्याकरणको विभिन्न रुपलाई अभ्यास गर्नोस्

तपाई पोख्त नभईञ्जेल, वाक्य र वाक्यांशहरुलाई विभिन्न तरि कासँग अभ्यास गरिरहनोस् । तपाईंकै भाषा जस्तो गरी वाक्यांशहरु तयार पार्ने प्रयास नगर्नोस् । हरेक भाषा विभिन्न प्रकारले गठन हुन्छ ।

उदाहरणको लागि:

- स्पेनिश: घर हरियो छ धेरै ठूलो ।
- अंग्रेजी: हरिया घर छ धेरै ठूलो ।

मि२५. प्रेममा एक भएको देहको रुपमा मण्डलीलाई व्यवस्थित गर्नोस् ।

भाग ६
जब तिनीहरुका मण्डलीहरु वृद्धि अनि गुणन हुँदै जान्छन्, अगुवाहरुले तालीम लिनेछन्

मि२६. नयाँ करारमा देहायबमोजिमका सेवकाइहरु शुरु गर्न सक्नुहुन्छ ।

मि२७. परिपक्व मानिसहरुलाई पाष्टर अनि एल्डरहरुको रुपमा तयार पार्नोस् ।

मि२८. छोरी अनि नातिनी मण्डलीहरु स्थापित गर्नोस् ।

अनुसूचि: कसरी अर्को भाषा सिक्ने

अभ्यास गर्नोस् । यदि तपाईं प्रथम साताहरुमा सठीक ढङ्गमा उच्चारण गर्न सिक्नुभएन भने, पछिबाट यसो गर्नु, असम्भव नभए पनि, गाह्रो पर्नेछ ।

एकै स्वर भएकाहरुलाई पछिबाट चिन्न अनि समावेश गर्न एकै ठाउँमा राख्नुहोस्:

- स्वरवर्णहरु (अ, आ, इ, ई, इत्यादि)
- स्वरवर्णका झुण्डहरु (जस्तै, अं, अः, इत्यादि)
- व्यञ्जनवर्णहरु (क, ख, ग, घ, इत्यादि जो भिन्नै पारामा उच्चारण हुन्छ)
- तानहरु (उच्च अथवा निम्न तानहरुले विभिन्न अर्थहरु दिनसक्छ)
- सुर अनि प्रहार । एउटै वाक्य तर बोल्दा भिन्दा भिन्दै रुपमा बोलिने कुनै पनि वाक्यांशको संगीतमय धुन अथवा ताललाई बिचार गर्नोस् । जस्तो कि, "उसले सबै खायो ।" "उसले सबै खायो !", अनि "उसले सबै खायो ?"

© Project WorldReach © SEAN

यदि हामीले कसैलाई प्रतिवेदन सुनाउने गरेका छौं भने हामीले हाम्रो प्रगति हासिल गर्दै गरेका हुन्छौं । हाम्रो लक्ष्य र ाम्ररी जान्ने कुनै व्यक्ति (सहयोगी बाहेक अर्को) लाई यदि हामीले सातामा एक चोटि प्रतिवेदन पेश गर्दा राम्रो हुनेछ । यो व्यक्ति झुण्डको अगुवा पनि हुनसक्छ, यदि कोही भएमा । यसो गर्दा बढी चासो दिएर अघि बढ्न हामीलाई अनुशासित पार्नेछ ।

भाषा सिक्नको लागि अन्य सहयोगी तरिकाहरु

हरेक बेलुकी, एक नोटबुकमा मितिसहित तपाईंले त्यसदिनमा के सिक्नुभयो, समस्याहरु, निरीक्षणहरु अनि अर्को दिनको निम्ति योजना लेख्नुहोस् ।

सबै आवाजहरुको बारेमा एक नोट बनाउनु होस्

तपाईंको नोटबुकको एक भाग आवाजहरुको निम्ति छुट्याउनु होस् । भाषामा भएका विभिन्न आवाजहरुलाई नोट गर्दै

भाग १

हाम्रो मण्डलीहरुले र ाष्ट्रहरुमा पुग्नको लागि तयारी गर्नुपर्छ

ीमि१. मसनेरी कार्यको लागि येशूको अधिकारलाई मानिलिनोस् ।

लक्ष्य:

हाम्रो प्रभु अनि मुक्तिदाता येशू खीष्टको महान आज्ञा पालन गर्नु ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

मृत्युबाट बौरी उठ्नु भए पछि, येशू खीष्टले हामीलाई आज्ञा गर्नुभयो:

"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ ।"

(मत्ती २८:१८-२०)

- मैले आज कुन मित्रहरु बनाएँ ?
- मैले आज संस्कृतिबारे के सिकें ?
- कुन भूल मैले बारम्बार दोहोऱ्यारहेको छु ?
- भोलिको बारेमा म कुन विषय बोलुँ ?
- के म मेरो सहयोगी र आफैसित पनि धीरजी बनेको छु ?
- कति जना मानिसहरुसित म आज बोल्न सकें ?

के मैले व्याकरणका विभिन्न रुपलाई चिन्न सक्छु ? उदाहरणको लागि:

- मानिसहरुले कसरी भन्छन्, "म गुन्द्रूक खान चाहन्छु ।" अनि "मैले हिज गुन्द्रूक खान चाहेको थिएँ ।" अथवा "म गुन्द्रूक खान चाहन्नँ ।"
- मानिसहरुले कसरी भन्छन्, "म घरभित्र जान्छु ।" "म घरको धुरीमा चढें ।" "घरदेखि पर ।" अनि यस्तै अरुहरु ।

कदम ५

हरेक दिन तपाईंले सिक्नुभएको कुरालाई अनि अनुभव गर्नुभएको कठिनाइलाई दोहोऱ्याउनु होस् ।

ज्यादै कठिन महसुस भएको कुराहरुलाई फेरि दोहोऱ्याउनको निम्ति नोट गर्नोस् ।

तपाईं स्वयंले सोध्नोस्:

- मैले आज के सिकें ? के मैले यो साता हरेक दिन केही नयाँ कुरो सिकें ?
- शब्दहरुलाई ठीकसित उच्चारण गर्नको निम्ति के मैले र म्रिरी सुन्ने काम गरें ?
- व्याकरणको कुन भाग मलाई अति गाह्रो लाग्यो ? क्रियाहरुका कालहरु ? अव्ययहरु ? (जस्तै, लागि, मा, सित, भित्र, माथि, इत्यादि)? क्रियाविशेषणहरु (जस्तै सजिलैसित, सुशील बनेर, हलुकासँग, इत्यादि)? प्रश्नहरु सोध्ने तरिकाहरु ?

कुन अधिकारमा बौरी उठ्नु भएको खीष्टले तपाईंको मण्डलीलाई सारा संसारमा गएर सबै जातिहरुलाई चेला बनाउने आज्ञा दिनुभयो ?

उत्तर: स्वर्ग र पृथ्वीमा समस्त अधिकार भएको हाम्रा प्रभु येशू खीष्टले परमेश्वर स्वयंको उच्च अधिकारमा हामीलाई आज्ञा दिनुभयो । यसलाई हामी महान आज्ञा भन्दछौं ।

यही आज्ञा अनुसार, मानिसहरुलाई चेला बनाउनको निम्ति हामीले उनीहरुको के गरिदिनु पर्छ भनी येशूले भन्नु भयो ? (दुइवटामा चिन्ह लाउनोस्)

- ☐ तिनीहरुलाई बप्तिस्मा देओ ।
- ☐ तिनीहरुलाई परमेश्वरको वचनबाट सिकाओ ।
- ☐ तिनीहरुलाई येशका आज्ञाहरु पालन गर्न सिकाओ ।

उत्तर: यो महान आज्ञाले हामीलाई बप्तिस्मा दिएर खीष्टको आज्ञाहरु सिकाउनको निम्ति हुकुम गरेको छ । प्रेरितहरुले बप्तिस्मा दिएपछि ती नयाँ विश्वासीहरुलाई धेरै शिक्षाहरु सिकाए, प्रेरित २:४१,४२ ।

चेलाहरुको निम्ति येशूका आज्ञाहरु के के हुन्, चिन्ह लाउनोस् (सातवटा):

- ☐ विश्वास गर, पश्चाताप गर अनि पवित्र आत्मा ग्रहण गर ।
- ☐ पवित्र भूमिमा तीर्थ यात्रा गर ।
- ☐ परमेश्वर अनि तपाईंको छिमेकी, अनि तपाईंको शत्रुलाई पनि प्रेम गर ।
- ☐ बप्तिस्मा देओ ।
- ☐ रोटी भचाइँ गर (प्रभुभोज)।
- ☐ प्रार्थना गर ।
- ☐ मौलिक हिब्रू अनि ग्रीक भाषामा लेखिएको बाइबल पढ ।
- ☐ पशु प्राणी नमार ।
- ☐ प्रत्येक साताको एक दिन उपवास बस ।
- ☐ माला जप्दै प्रार्थना गर ।
- ☐ शनिवारलाई विश्रामको दिन पालन गर ।
- ☐ तिम्रो धर्मको लागि संघर्ष गर ।
- ☐ येशूको निम्ति साक्षी देओ अनि चेलाहरु बनाओ ।
- ☐ उदारचित्तले देओ ।

उत्तर:

तपाईंले येशूका आधारभूत आज्ञाहरु प्रेरित २:३७-४७ मा चित्रण गरिएको भेट्टाउनु हुनेछ ।

- वस्तुहरु: "त्यो के हो ?" "त्यसलाई के भनिन्छ ?" "के मैले त्यो कुरो ठीक भनें ?"

- तिनीहरुसित कुराकानी गर्नोस्: "तपाईं कहाँ काम गर्न चाहनुहुन्छ ? तपाईंले त्यो काम कसरी सिक्नुभयो ? के तपाईं यस शहरबाट आउनु भएको हे ? के त्यो भेडा तपाईंको हो ? तपाईंले के गरिरहनु भएको छ ? के म तपाईंलाई सहयोग गर्नसक्छु ?"

- सोध्नोस्: "कुन बस सेन्टरतिर जान्छ ? कति तिर्नु पर्छ ? शहरको मुख्य भाग कता पर्छ ?"

- टेलिफोन कसरी प्रयोग गर्ने, पत्रहरु कसरी लेख्ने, शब्दहरु कसरी थप्ने अथवा घटाउने, कसरी समय र तारीख भन्ने, शरीरका अङ्गहरु, इत्यादि ।

- अनुमति माग्नोस्: "हरेक दिन मैले थोरै सिक्दैछु । र म्रिरी सिक्नको लागि मैले धेरै मानिसहरुसित बातचीत गर्ने गरेको छु । म अर्को दिन आएर तपाईंसित बातचीत गर्नेछु । मैले के सिकिरहेको छु त्यो म तपाईंलाई भन्ने छु । के म भन्न सक्छु ?"

- ममा भएको यो भाषाको ज्ञानलाई म कसरी बढाउन सक्ने छु ?

- मैले भोलि के सिक्नुपर्ने हो ? यो साता चाहिँ ?

दिनभरि मानिसहरुसित के कस्ता बातचीत गर्न सकिन्छ ती विषयहरुबारे केही उदाहरणहरु:

- तपाईं स्वयंको बारेमा कुरा गर्नोस् । तपाईंको नाउँ अनि तपाईं कहाँबाट आउनुभएको हो, सो बताइदिनोस् । तपाईंको परिवारको बारेमा केही बताइदिनोस् । उदाहरणको लागि, "मेरो नाउँ सी.बी. सुब्बा हो । म होम्सबाट आएको हुँ । म यहाँ एक साता अघि आइपुगेको हुँ । मेरी पत्नीको नाउँ सुसन हो । हाम्रा दुइ जना नानीहरु छन् ।" (आफूसँग परिवारको फोटो पनि लानुहोस् ।)

- अभिवादन: तपाईंलाई सहयोग पुऱ्याएकोमा मानिसहरुलाई धन्यवाद दिनुहोस् । क्षमा माग्नोस् । तपाईंको लक्ष्य भाषा सिक्नु हो: "म कुनै टुरिष्ट होइन । मैले बोल्दा भूल भएमा कृपया मलाई सुधारिदिनु होला ।"

यरुशलेमको प्रथम मण्डलीमा, जब पवित्र आत्मा आउनुभयो, तीन हजार नयाँ विश्वासीहरुले यी आज्ञाहरु तुरन्तै पालन गर्न थाले:

- तिनीहरुले विश्वास गरे, पश्चाताप गरे अनि पवित्र आत्मा ग्रहण गरे । (परिवर्तन)

- तिनीहरुले बप्तिस्मा लिए ।

- तिनीहरुले प्रभुभोज लिए (घर-घरमा)।

- तिनीहरुले प्रेम गरे (तिनीहरुको प्रेम सबैप्रति झल्किएको थियो)।

- तिनीहरुले प्रेमसाथ आनन्द र बलिदानपूर्वक दिए ।

- तिनीहरुले निरन्तर प्रार्थना गरे ।

- तिनीहरुले वचन सिके अनि साक्षी दिए: नयाँ गरी उद्धार पाएका धेरै जना मण्डलीमा थपिए ।

मि२. प्रभुलाई नचिनेका मानव जातिहरुको निम्ति अनि तिनीहरुकहाँ पठाइनु पर्ने मिसनेरीहरुको निम्ति प्रार्थना गर्नोस् ।

लक्ष्य:

मण्डलीले हरेक साता वास्ता नपाएका मानव जातिको निम्ति, अनि मिसनेरीहरुको निम्ति प्रार्थना गर्नुपर्छ ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

हामीले प्रार्थना गरेनौं भने के हुन्छ ?

☐ केही पनि हुँदैन ।
☐ सब समय हामीले नराम्रो महसुस गर्नेछौं ।

उत्तर: जब हामी प्रार्थना गर्दैनौं, कुनै पनि काम भएको हुँदैन ! सर्वशक्तिमानले उहाँका मानिसहरुको प्रार्थनाको उत्तरमा काम गर्नुहुन्छ । यदि हामी प्रार्थना गर्दैनौं भने उहाँले काम गर्नुहुन्न । फलस्वरुप, मण्डली जमेर रहन्छ अनि मिसनेरीहरुले प्रभुको निम्ति गरेका काम फलरहित हुनेछ

धेरै जना मानिसहरु तपाईंसँग मिलनसार र धीरजी नै बन्ने छन् । कतिले तपाईंलाई सहयोग पनि गर्नेछन् किनकि तपाईंले उनीहरुको भाषा सिक्दै हुनुहुन्छ । केही थोरै जनाहरु हाँस्नेछन्, तर कुनै ध्यान नदिनु होस् । तपाईंले बोल्दाखेरि गर्नुभएका भूलहरुमा हाँस्नु पनि ठीकै हो, किनकि भूलहरु अवश्य पनि निकै हुनेछन् ।

मुख्य: तपाईंको सहयोगीबाट सिक्नुभएको कुरा तुरन्तै अरु मानिसहरुसित अभ्यास गर्नुहोस् ।

कदम ४

तपाईंले अर्को दिन कस्ता वाक्यहरु प्रयोग गर्नुहुनेछ योजना मिलाउनु होस्

मानिसहरुसित बातचीत गरेपछि, तपाईंले के सिक्नुभयो बिचार गर्नुहोस्:

- मैले भन्न नसकेको कुन कुरा म आज भन्न चाहन्छु ?

- जब तपाईंले कुनै नयाँ शब्द सिक्नुहुनेछ, तब यसमा अर्को शब्दहरु राखेर अभ्यास गर्नुहोस् ("मैले एक हात्ती देखें ।" "मैले एउटा घर देखें ।" "म एउटा घरमा पसें ।")।

हरेक दिन यसो गर्दा, कुनै पनि भाषा तीन महीनामा केही बोल्न सक्ने भइन्छ ।

कदम ३

त्यही वाक्यांशहरु प्रयोग गरेर मानिसहरुसित अभ्यास गर्नुहोस्

तपाईंले हरेक बिहान सिक्नुभएका वाक्यांशहरुलाई साताको कम्तिमा पाँच दिन अभ्यास गर्नको निम्ति तपाईं बाहिर स्थानीय व्यक्तिहरुकहाँ जानुहोस् । हरेक पटक जब तपाईंले केही सिक्नुहुन्छ, तपाईंले त्यसलाई प्रयोग गर्नैपर्छ । कम्तिमा ५० व्यक्तिहरुसित बातचीत गर्नोस् । आवश्यक परेमा, छिमेकीहरुसित, नानीहरु र जवानहरुसित, बजारमा काम गर्नेहरुसित अथवा सार्वजनिक क्षेत्रका मानिसहरुसित अभ्यास गर्दै दिनहुँ चार घण्टा बिताउनुहोस् । मानिसहरुले तपाईं सिकाउनु हुने नयाँ शब्दहरुलाई तपाईंले नोटबुकमा उतार्नोस् ।

मत्ती ९:३७-३८ मा येशूले भन्नुभयो, *"फसल प्रशस्त छ, तर खेतालाहरु थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरु पठाइदिऊन् ।"* हामीलाई प्रार्थना गर्नु पर्ने जुन मूल कारण दिनुभयो, त्यसलाई तपाईंका आफ्नै शब्दहरुमा लेख्नु होस् ।

टिप्पणीहरु:

© Project WorldReach © SEAN

मि३ मिसनेरी कामको निम्ति उहाँको दर्शन हामीलाई दिनुभएको होस् भनी हामी परमेश्वरसँग प्रार्थना गरौं ।

लक्ष्य:

संसारको निम्ति परमेश्वरको योजना जान्नु अनि यसमा सहभागी हुनको निम्ति तपाईको मण्डलीले सहयोग गर्नु ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

पठाउन मन भएको मण्डलीले येशू खीष्टको महान आज्ञा पालन गर्दछ । यसले सुसमाचार नपुगेका ठाउँहरुमा चेला बनाउनको निम्ति मिसनको निम्ति वरदान भएका सहकर्मीहरु पठाउँछ ।

पठाउने मण्डलीले गर्नु पर्ने अझ राम्रो कुरो के हो ?

☐ कुनै मिसनेरीको लागि प्रार्थना गर्ने अनि कार्य क्षेत्रमा नयाँ मण्डलीहरु स्थापनाको निम्ति जिम्मेवारी लिने कुनै मिसनेरी सोसाइटी मार्फत उसलाई मासिक सपोर्ट पठाइदिने ।

"केही रोटी माग्नु पर्दा तपाईंले कसरी सोध्नुहुन्छ ?" नत्रभने उसले तपाईंलाई सोझो अनुवाद गरिदेला तर मानिसहरु ता त्यसरी बोल्दैनन् । तपाईंले कसरी सोध्नुहुन्छ भनेर भन्दा तपाईंको सहयोगीले चाहिँ सांस्कृतिक ढङ्गमा कसरी बोलिन्छ भनेर सोच्न पुग्छ अनि तपाईं सठीक शब्दहरु उसले दिनेछ ।

जब तपाईंले नयाँ वाक्य राम्ररी भन्न सक्नुहुन्छ, विभिन्न शब्दहरु चलाएर त्यसलाई फेरि भन्ने प्रयास गर्नुहोस् ।

- जब तपाईं साधारण वाक्यको रुपमा भन्न सक्नुहुन्छ, तब प्रश्नहरु अनि आज्ञाहरुको रुपमा अभ्यास गर्नोस् ।
- आफैलाई कर्ताको रुपमा राखेर जब तपाईंले उनीहरुलाई भन्न सक्नुहुन्छ ("मैले अरबी सिकिरहेकोछु ।"), त्यसपछि अरु व्यक्तिहरु (तपाईं, उनी, तिनीहरु, इत्यादि) राखेर बोल्न सिक्नुहोस् ।
- जब तपाईंले वर्तमान कालमा ("मैले अरबी सिकिर हेकोछु ।") भन्न सक्नुहुन्छ, तब भूतकालमा ("मैले अर बी बोल्न सिकें"), अनि भविष्यत्कालमा ("म अरबी बोल्न सिक्नेछु....") भन्न सिक्नुहोस् ।

© Project WorldReach © SEAN

...अनि जबसम्म तपाईंले हरेक वाक्यांश राम्ररी सुन्न र बोल्न सक्नुहुन्न, यस्तै पारामा अघि बढ्नोस् ।

त्यसपछि सबै भागहरु एक साथ मिलाएर पूर्ण वाक्य बोल्नुहोस्, अनि ठिक ताल र सुरमा दोहोऱ्याउनु होस् ।

त्यसपछि सहयोगीले वाक्यांशको कुनै भाग भन्छ अनि तपाईं पूरा गर्नोस्:

सहयोगी: आज म शुरु गर्छु.....।
तपाईं: आज म अरबी बोल्नु शुरु गर्छु.....।

विना सहयोग सारा वाक्य भन्न नसकुञ्जेल दोहोऱ्याइरहनु होस् ।

मुख्य:

तपाईंको सुर र उच्चारण ठिक नभएसम्म तपाईंको सहयोगीलाई सुधार्न लाउनोस् ! तपाईंको सहयोगी सोझै "केही रोटी पाउन सक्छु कि ?" भनेर सिकाउनु भन्दा तपाईंले यसरी सोध्नोस्

☐ सम्पूर्ण मण्डली मिलेर सुसमाचार नपुगेका क्षेत्रमा तपाईंका मिसनेरीहरु मार्फत अरु मिसनेरी सोसाइटीसित मिली छोरी अनि नातिनी मण्डलीहरु स्थापित गर्ने निर्णय गर्नुहोस् ।

उत्तर: एक पठाउने मण्डलीले सम्पूर्ण सदस्यहरु मिलेर सुसमाचार नपुगेका क्षेत्रमा छोरी अनि नातिनी मण्डलीहरु स्थापित गर्ने निर्णय गर्दछ । तुलना गर्नोस् प्रेरित १३:१-३ ।

उत्पत्ति १२:१-३ मा अब्राहामको सन्तानमार्फत के गर्नेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो ? (यो प्रतिज्ञा प्रेरित ३:२३-२६ मा येशूद्वारा पूरा भएको छ)।

_____

_____

योना १-३ अध्याय अनुसार प्रथम अन्तरसांस्कृतिक मिसनेरी (अर्कै संस्कृति भएको मानिसहरुकहाँ जाने व्यक्ति) को थिए ?

_____

बाइबलमा, 'राष्ट्र' भन्नाले आफ्नै संस्कृति र भाषा भएका मानिसहरु अथवा कुनै जाति भन्ने बुझिन्छ। परमेश्वरले निम्नलिखित कुराहरु हरेक जाति अथवा मानिससित गर्नको निम्ति हामीलाई आज्ञा गर्नुभएको छः

- आत्माको शक्तिमा खीष्टको निम्ति साक्षी दिनु, प्रेरित १:८
- पश्चाताप गर्नेलाई खीष्टले क्षमा गर्नुहुन्छ भनेर घोषणा गर्नु, लूका २४:४६-४८
- आज्ञाकारी चेलाहरु बनाउनु, मत्ती २८:१९-२०

टाडा टाडाको क्षेत्रहरुमा खीष्टको निम्ति साक्षी बन्ने शक्ति हामीले पाएका छौं भनी कुन खण्डले हामीलाई प्रतिज्ञा गरेको छ ?

कुन खण्डमार्फत परमेश्वरले हाम्रा एक पुर्खालाई उनको वंशद्वारा सारा पृथ्वी आशिषित हुनेछन् भनी प्रतिज्ञा गर्नु भएको छ ?

- धन्यवाद ।
- विदा पाउँ ।

तपाईंको सहयोगीले यी वाक्यांशहरु धेरै पटक भन्छन् अनि तपाईंले यसलाई दोहोऱ्याउनु हुनेछ :

सहयोगीः शुभ प्रभात ।
तपाईंः शुभ प्रभात ।
सहयोगीः शुभ प्रभात ।
तपाईंः शुभ प्रभात ।
सहयोगीः शुभ प्रभात ।
तपाईंः शुभ प्रभात ।
सहयोगीः आज म शुरु गर्दैछु ।
तपाईंः आज म शुरु गर्दैछु ।
सहयोगीः आज मरो पहिलो चोटि हो ।
तपाईंः आज मरो पहिलो चोटि हो ।
सहयोगीः अरबी बोल्नु ।
तपाईंः अरबी बोल्नु ।
सहयोगीः अरबी बोल्नु ।
तपाईंः अरबी बोल्नु ।
सहयोगीः अरबी बोल्नु ।
तपाईंः अरबी बोल्नु ।

कुनै पनि भाषा तपाईंको आफ्नै जस्तै गरी दोहोऱ्याउन सक्नुहुन्न । दुइ कुराहरुमा ध्यान लाउनु होस्:

- ध्वनिको उच्चारण,
- सारा वाक्यांशको संगीत, त्यो तान र लय जसको सहयोगमा बोलिन्छ ।

मानिलिउँ कुनै दिनको निम्ति तपाईंको कुराकानी यस्तो छ: "शुभ प्रभात । आज मैले पहिलो चोटि अरबी भाषामा बोलिरहेको छु । म ता त्यति मात्र भन्न सक्छु । धन्यवाद । विदा पाउँ ।"

तपाईंको सहयोगीले यो कुराकानीलाई यी वाक्यांशहरुमा विभाजित गरिदिन्छ, जस्तै:

- शुभ प्रभात ।
- आज मैले पहिलो चोटि अरबी भाषामा बोलिरहेको छु ।
- म ता त्यति मात्र भन्न सक्छु ।

तपाईंको मण्डलीमा मिसनेरी कामको निम्ति विशेष योजना के छ लेख्नु होस् । यसबारेमा अरु अगुवाहरुसित पनि छलफल गर्नुहोस् ।

तल दिइएका बाइबल खण्डहरुमा राष्ट्रहश्रको निम्ति परमेश्वर को योजना पत्ता लाउनु होस्:

- भजन ६७
- यशैया २:१-४ अनि ५५:३-५
- लूका २४:४५-४९
- प्रेरित १:८ अनि अध्यायहरु १३-१८
- प्रकाश ७:९-१०

माथि दिइएका खण्डहरुमा परमेश्वरले कस्ता मानिसहरु खोजिरहनु भएको छ ?

सारा राष्ट्रहरु अनि जातिहरुबाट मानिसहरु स्वर्गमा परमेश्वर को प्रशंसा गर्दै रहनेछन् भनी माथि दिइएका पदहरुमध्ये कुन चाहिँले देखाउँछ ?

पाष्टरीय तालीम पुस्तिकाहरु:

८ महान आज्ञा (मिसनेरी कार्यको निम्ति खीष्टको आधारभूत आज्ञा)

५ प्रभावशाली सुसमाचार प्रचार (नयाँ करारको आधार मा प्रायः जसो संस्कृतिहरुको निम्ति चलाउन सकिने प्रकारले तयार पारिएको सामाग्री)

३० आफ्ना चेलाहरुको निम्ति येश खीष्टका ७ आज्ञाहरु (सबै चेलाहरुको निम्ति खीष्टको आधारभूत आज्ञाहरु)

- "म सुन्तला किन्न बजार गइरहेछु। मैले कसरी त्यसको मूल्य सोध्न सक्छु ?"

- "म पार्कतिर गइरहेछु। मैले त्यतातिरको बाटो सोध्दा के भन्नुपर्छ ?"

एउटा नोटबुकमा तपाईंले अभ्यास गर्नुहुने दुवै भाषाका वाक्यांशहरु लेख्नोस्। उदाहरणको लागि, लेख्नोस्: अभिवादनहरु: "गुड मर्निङ। कस्तो हुनुहुन्छ ? तपाईंको परिवार कस्तो हुनुहुन्छ ?"

दोस्रो कदम

सुन्नोस् अनि धेरै पटक चुनिएका वाक्यांशहरु दोहोऱ्याउनु होस्

सहयोगीले वाक्यांश बोलेको सुन्नुहोस्। तब दोहोऱ्याउनु होस्। केही वाक्यांशहरु मात्र प्रयोग गर्नुहोस् जुन चाहिँ तपाईंले दिनभरिमा अभ्यास गर्नुहुनेछ। तपाईंले ठीकसँग नसुनुञ्जेल, सहयोगीले त्यो वाक्यांश दोहोऱ्याएको सुनिरहनोस्। त्यसपछि तपाईंले आफ्नो विदेशी लवज मिसाएरै भए पनि ठीकसँग भन्न नसकुञ्जेल दोहोऱ्याइरहनोस्।

एक सहयोगी खोज्नोस् । सबभन्दा पहिला राम्ररी भाषा जान्ने व्यक्ति खोज्नोस् जसले हरेक बिहान तपाईंसित समय बिताउन सक्छ । तपाईंको भाषा पनि अलि जान्ने व्यक्ति भए अझ र ाम्रो हो । उसलाई "शिक्षक" होइन "सहायक" भन्नोस्, किनकि उसको काम तपाईंलाई भाषा सिकाउनु होइन, तर तपाईं स्वयं सिक्दै गर्नुहुँदा तपाईं सहयोग गर्नु मात्र हो । तपाईंले आफ्नो सिक्ने प्रक्रियालाई नियन्त्रण गर्नैपर्छ । उसले मात्र राम्ररी सुन्न अनि वाक्यांशहरु दोहोऱ्याउन तपाईंलाई सहायता गर्दछ, अनि तिनीहरुको अर्थ पनि खोलिदिन्छ ।

कदम १

आजको दिनमा तपाईंले सिक्न चाहनु भएको वाक्यांश चुन्नुहोस् ।

तपाईं आफ्नो सहयोगीलाई हरेक बिहान भेट्नोस् अनि त्यो दिन अभ्यास गर्न चाहनु भएको वाक्यांश छान्नोस् । तपाईंले के गर्न खोजिरहनु भएको छ, तपाईंको सहयोगीलाई भनिदिनोस् । उदाहरणको लागि:

- "आज म धेरै मानिसहरुलाई भेट्ने छु अनि म तपाईंहरुको भाषा सिक्दैछु भनेर भन्नेछु ।"

मि४ वास्ता नपुगेका मानव जातिमाथि ध्यान दिनु

लक्ष्य:

वास्ता नपुगेका मानिसहरुको निम्ति केही गर्नु हो भने, तिनीहरुको निम्ति प्रार्थना गर्ने अनि तिनीहरुको निम्ति सहकर्मीहरु पठाउने ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

हामी कुनै विशेष मानव जातिलाई (सम्पूर्ण क्षेत्रलाई होइन) चुन्नेछौं । उदाहरणको लागि, "हिन्दूहरु" को लागि भन्दा पनि विशेष जनजाति झुण्ड (जस्तै भीलहरु)। भारतमा सयौं मानव जातिहरु छन् जसले विभिन्न भाषाहरुको कारण एकले अर्कोलाई बुझ्न सक्तैनन् ।

हामी त्यस्तो क्षेत्र चुन्नेछौं:

- जहाँ कुनै मण्डलीहरु छैनन् ।

- तपाईंको संस्कृतिबाट मिसनेरीहरुलाई राम्ररी स्वागत गर्ने मानिसहरु भएको ठाउँमा ।

- तपाईंकै स्तरको आर्थिक अनि शैक्षिक स्तर भएका मानिसहरु भएको ठाउँमा ।

- उस्तै प्रकारको जीवन-शैली भएको ठाउँमा (शहर अथवा गाउँ, उही कामकुरो भएको)

रोमी १५:२०-२१ अनुसार, किन हामीले वास्ता नपुगेका मानिसहरु रोज्दछौं ?

विभिन्न प्रकारका मिसनेरी क्षेत्रहरु छन्:

- हाम्रो जस्तै संस्कृति भएकाहरु । यो चाहिँ सजिलो हुन्छ ।

- उस्तै संस्कृति भएको कुनै ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

भाषा राम्ररी सिक्नको लागि दिनहुँ चाल्नु पर्ने पाचँ कदमहरु

कुनै पनि जोर नलगाईकन भाषा सिक्नु हो भने, हामीले हाम्रो सारा समय यसलाई सिक्नको लागि लगाउनु पर्छ । जसले अरु काममा बढी मन लगाउँछ, उसले राम्ररी बोल्न सिक्न सक्दैन । कुनै भाषाको स्कूलमा नगईकन भाषा सिक्नु हो भने, हामीले ब्रिउस्टर्सले सिकाएको पाँच कदमहरु चाल्नु पर्दछ ।

१. कसैको सहयोगमा, आज अभ्यास गर्नको लागि वाक्यांशहरु चुन्नु होस् ।
२. उनीहरुलाई सुन्नुहोस् अनि तपाईंको सहयोगीको सहयोगमा धेरै पटक दोहोऱ्याउनु होस् ।
४ त्यही दिन धेरै छिमेकीहरु अनि मित्रहरुसित अभ्यास गर्नुहोस् ।
४. भोलि के गर्न लाग्नु भएको हो त्यसको लागि योजना मिलाउनोस् ।
५. तपाईंको प्रगति थाहा गर्नोस् अनि के गाह्रो भयो पत्ता लाउनोस् ।

अनुसूची

अर्को भाषा कसरी सिक्नु

भाषा सिक्नेहरुले तीन सत्यताहरु जान्नुपर्दछ:

१. भाषा सांस्कृतिक हुन्छ। कुनै क्लासमा गएर अनि सहयोगीसँग अभ्यास गरेर भन्दा पनि त्यही संस्कृतिको मानिसहरुसित बसेर राम्ररी सिक्न सकिन्छ।

२. भाषा एक संचार हो। शिक्षकलाई सुनेर मात्र भन्दा पनि साधारण मानिसहरुसित बोलीचाली गरेर मात्र राम्ररी सिक्न सकिन्छ।

३. भाषा सामाजिक हुन्छ। घरमा बसेर शब्द सूचीहरु कण्ठ पारेर होइन, तर विभिन्न प्रकारका सामुदायिक क्रियाकलाप (पारिवारिक, छिमेकी, कार्य क्षेत्र, सामाजिक घटनाहरु अनि आराधना सेवाहरु) मा भाग लिँदा मात्र यसलाई राम्ररी सिक्न सकिन्छ।

लक्ष्य:

कुनै पनि जोर नलगाईकन, मिसनेरीहरुले सजिलैसँग मानिसहरुको भाषा बोल्न सिक्न सक्छ।

- विभिन्न संस्कृति भएकाहरु। यसको निम्ति विभिन्न तौर-तरिका अनि सोचाइलाई ग्रहण गर्न सक्ने क्षमता भएको हुनुपर्छ।

- कुनै पनि विदेशीको सहयोग विना मण्डलीहरु नभएको कुनै पनि नौलो ठाउँमा।

- मिसनेरी अथवा सुसमाचारको निम्ति बन्देज भएका ठाउँहरुमा। गुप्त रुपमा चेलाहरु बनाउनको निम्ति विभिन्न प्रकारका प्रचारी तरिकाहरु अप्नाउनु पर्ने हुन्छ। यी तरिकाहरु भिन्दै हुन सक्छन्।

अति बेवास्ता भएका ठाउँहरु नै अति कठीन ठाउँहरु पनि हुनसक्छन्। यी ठाउँहरुमध्ये प्राय भूभागमा (विश्वको जनसंख्याको एक तिहाइ भाग) सुसमाचारको निम्ति बन्देज भएका ठाउँहरु हुन्। थोरै मात्र मिसनेरीहरु काम गर्न जान्छन् किनकि पुरानो शैलीका व्यावसायिक मिसनेरीहरुले त्यहाँ काम गर्न सक्तैनन्। यसको निम्ति अक्विला र प्रिस्किलाले पाल बनाउने काम गरेर आफ्नै घरमा घरेलु मण्डली स्थापना गरे झैं यी मिसनेरीहरु पनि व्यावसायिक भएर सेवकाइ गर्न सक्ने हुनुपर्दछ। (प्रेरित १८:१-३, रोमी १६:३-५, १ कोरन्थी १६:१९)

वास्ता नपुगेको ठाउँमा मण्डली स्थापना गर्नको निम्ति तपाईंको मण्डलीसित कस्ता योजनाहरु छन् ?

टिप्पणीहरु:

अनुसूची

© Project WorldReach © SEAN

मि५ मिसनेरीहरु पठाउने व्यवस्था मिलाउनोस्

लक्ष्य:

मिसनको निम्ति चर्चलाई प्रोत्साहित गर्ने कार्यक्रमहरुको लागि मिसनेरीहरु बाहेक अरु संयोजकहरुको नाउँ तोक्ने ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

काम बाँडिएको छ । पाष्टर (अथवा मुख्य एल्डर) ले नै सबै कामहरु आफै गर्दैन ।

कार्यक्रमहरु संयोजन गर्नको लागि एक मिसन कार्यदल खडा गर्नु राम्रो हो । यो दलले पनि सबै काम आफै गर्दैन, तर यसले मण्डलीका सबै सदस्यहरुलाई येशू ख्रीष्टको महान आज्ञा पालन गर्न प्रोत्साहित गर्दछ ।

मण्डलीको हरेक स्तर, झुण्ड अथवा विभागबाट नानीहरु, जवानहरु अनि वयस्कहरुले भाग लिएका छन् भनी निश्चित बन्नुहोस् ।

© Project WorldReach © SEAN

तिनीहरुले हरेक महीना एउटा नयाँ क्रियाकलाप गर्न सक्नेछ ।

उदाहरणको लागि:

- वास्ता नपुगेका मानिसहरु अनि मिसनेरीहरुको लागि प्रार्थना गर्नु ।
- सुसमाचार नपाएका मानिसहरुलाई ग्रहण गर्नु ।
- मिसनेरीहरुलाई सपोर्ट दिनु ।
- मिसनको लागि बाइबलीय आधारको शिक्षा दिनु ।
- यस मिसनेरी म्यानुएलमा दिइएका क्रियाकलापहरु गर्नको निम्ति योजना मिलाउनु ।
- मिसनेरीहरु तयार पार्नु ।
- विश्वव्यापी मिसनेरी कार्यको इतिहास सिकाउनु ।
- अहिले विश्वको विभिन्न भागहरुमा के भइरहेछ नियालेर बिचार गर्नु ।

एक मण्डलीदेखि अर्को मण्डलीमा बग्दै जाने शक्तिलाई कमजोर नपारीकन छोरी र नातिनी मण्डलीहरु स्थापना गर्नको लागि हामीले के गर्नुपर्छ ?

- ☐ हाम्रा सिकारुहरुले गर्नसक्ने जे पनि गर्नु होस् ।
- ☐ मण्डलीहरु, अगुवाहरु अनि पाष्टरीय विद्यार्थीहरुबीचको प्रेमलाई निरन्तर प्रोत्साहित गर्नोस् ।
- ☐ खास खाँचो पूरा गर्न अनि अवसरहरुलाई सदुपयोग गर्न, विद्यार्थीले आफ्ना मानिसहरुसित के गरिरहेको छ सो बुझ्ने क्रममा शिक्षकले उसको विद्यार्थीको प्रतिवेदनलाई पहिले सुनिदिन्छ ।

उत्तर: नयाँ करारमा तीनवटै उत्तरहरु सही छन् ।

कृपया गरी तपाईंका सहकर्मीहरुसँग मिली छोरी अनि नातिनी मण्डलीहरु शुरु गर्ने योजना बनाउनु होस् ।

कसो गरिरहेको छ भनी उसको मेन्टरले उसको प्रतिवेदन पहिले सुन्दछ। त्यसपछि मेन्टरले उसलाई उसको मण्डलीले के कसो गर्नु पर्ने हो भनी सिकाउँछ। आफ्नो विद्यार्थीमार्फत उसले आत्मिक उन्नति गराउने काम गर्दछ। उदाहरणको लागि, पावल प्रेरितले तिमोथीलाई व्यक्तिगत रुपमा पत्र लेखेको होइन, तर पाष्टरको रुपमा एफिसीको मण्डलीलाई लेखेको हो। यसैकारण तिमोथीदेखि तीतससम्मका पत्रहरुलाई पाष्टरीय पत्रहरु भनिन्छ। यी पत्रहरुमार्फत पावलसँग भएका सिकारुहरु, तिमोथी र तीतसद्वारा मण्डलीलाई आत्मिक उन्नति पुग्दछ।

चेला बनाउने कुरा एउटा व्यक्तिबाट अर्कोमा सूचना जारी गर्ने काम मात्र होइन। यसो गर्दा त्यो साङ्लो कमजोर बन्न पुग्दछ। एक सेवक अगुवालाई चेला बनाउँदा हामी व्यक्तिसित मात्र वास्ता राख्दैनौं तर उसले सेवा पुऱ्याउने सारा देहसित वास्ता राख्नेछौं। यसो गर्दा आमा मण्डलीबाट छोरी मण्डलीतिर बहने अलौकिक जीवनको शक्तिलाई पवित्र आत्माले सामर्थ्यवान पार्नुहुन्छ, जसले अगुवाहरुलाई पनि प्रोत्साहित गर्दछ।

- मिसनेरीहरु पठाउनु।
- एक मिसनेरी टीम खडा गर्नको लागि अरु मण्डलीहरुसित सहभागी बन्नु
- अरु संस्कृतिका रीतिरिवाज देखाउने किसिमका नाटकहरु प्रदर्शन गर्नु।

मिसनेरी पठाउने झुण्डले मण्डलीमा के कस्ता कामहरु गर्दछन् ? (बढी ठीक उत्तरमा चिन्ह लगाउनोस्)

☐ यो झुण्डले मिसनेरी पठाउने सम्बन्धमा प्रोत्साहित गराउने सबै कामहरु गर्दछ।

☐ यसले मण्डलीका सदस्यहरुलाई प्रार्थनामा भाग लिन अनि मिसनेरीहरु तयारी गर्नमा प्रोत्साहित गर्दछ।

उत्तरः एक मिसनेरी क्रियादलले सारा मण्डलीलाई प्रार्थना गर्न र सहकर्मीहरु तयारी गर्नमा सहयोग गर्दछ।

मि६ यस कामको लागि परमेश्वरको वरदान भएकाहरुलाई चिन्ने, तयार पार्ने अनि पठाउने

लक्ष्य:

मिसनेरी कार्यको लागि आत्मिकी वरदानहरु भएकाहरुलाई चिन्ने, तयार पार्ने अनि पठाउने ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

हरेक मण्डलीले यो काम गर्न सक्छ । एफिसी ४:११-१२ अनुसार, परमेश्वरले तपाईंको मण्डलीमा कोही न कोही अवश्य दिनु भएको छ जसलाई पठाउन सकिन्छ । मण्डली साह्रै सानो भएमा कुरो भिन्दै भयो ।

यहाँ "प्रेरित" भन्नाले बाह्र जना प्रेरितहरु बुझिन्न, तर प्रेरित १३:१-३ अनुसार पावल र बर्णबासलाई पठाइएको जस्तै एउटा चर्चबाट अर्को जातिकहाँ परमेश्वरबाट "पठाइएको" बुझ्नु पर्दछ । यदि तपाईंको मण्डली नयाँ छ भने,

प्रेममा एक भएको यो जीवनलाई हामी तीन तहमा प्रोत्साहित गर्दछौं:

१. हामीले तयार पारिरहेका अगुवाहरुसँग ।

२. मण्डली अथवा सेलका सदस्यहरुको माझमा ।

३. मण्डलीहरुको बीचमा ।

एकाअर्कामा उत्सव मनाएर, एउटा मण्डलीले अर्कोको निम्ति प्रार्थना गरेर, अनि अगुवाहरुको माझमा चेलापनको प्रक्रिया चलाएर मण्डलीहरुले प्रेमको सम्बन्धलाई विकास गर्न सक्छन् । एउटा मण्डलीले यसका सेवक अगुवाहरुको नमूनासहित, सदस्यहरुबीच प्रेम हुनुपर्ने खाँचोलाई प्रोत्साहित गर्दछ । प्रेम सम्बन्धद्वारा छोरी मण्डलीहरुलाई चेला बनाएर आमा मण्डलीले अगुवाहरु तयार पार्नु पर्दछ ।

एक अगुवालाई चेला बनाउँदा, उसले उसको मण्डली (अथवा उसले अरुलाई चेला बनाइरहेको भए त्यो प्रक्रिया) मा के

हामीले मण्डलीको जीवनमा शक्ति भरिदिनु पर्छ। यो जीवन एउटा मण्डलीबाट अर्को मण्डली स्थापनामा, आमाबाट छोरी, नातिनी, उत्पादन गर्दै जानुपर्छ। हामीले मण्डली अगुवालाई चेला बनाउँछौ ताकि उसले प्रेममा उसको मण्डलीलाई उन्नति गराउन सक्छ। यसरी उमार्फत मण्डलीको आत्मिक उन्नति हुनजान्छ। समस्या र परिपक्वता हुँदा हुँदै पनि मण्डलीमा परमेश्वरको शक्तिको महान धारणा प्रदर्शित हुनुपर्छ।

पवित्र आत्माले विभिन्न वरदानहरु, चाहिएका सेवकाइहरु अनि अगुवाको तालीम पनि प्रयोग गरेर हरेक मण्डली अथवा सेललाई सामर्थ्यवान पार्नुहुन्छ (रोमी ४:४८, एफिसी ४:११-१६, १ कोरन्थी १२)। नयाँ करारमा, अगुवापनको तालीमले व्यक्तिगत अगुवापनमा मात्र ध्यान दिँदैन, तर सम्पूर्ण मण्डलीलाई आत्मिक उन्नति गराउने कुरोलाई जोड दिन्छ। शिक्षकले विद्यार्थीलाई जानकारी दिलाउने काम मात्र गर्दैन। तर उसले त त्यस बखत उसको मण्डली अथवा सेललाई केको जरुरत छ त्यही सिकाउँछ।

यसले मिसनेरीहरु पठाउनको निम्ति अरु मण्डलीहरुसित मिलेर काम गर्नसक्छ।

यदि मण्डलीले मिसनको निम्ति वरदान भएका व्यक्तिहरु पाइएन भनी भन्छ भने, शायद यसले पेशावर, पूर्ण समय काम गर्ने, विश्वविद्यालयको डिग्री भएको व्यक्ति खोजेको होला। यस प्रकारको व्यक्तिले कुनै पनि मण्डलीको सहायता विना ठूला क्षेत्रहरुमा काम गर्न सक्तैन किनभने सरकारले खुला रुपमा मिसनेरी काम गर्न बन्देज लाएका छन्। केवल अरु व्यवसाय गर्दै मिसनेरी बन्न चाहनेहरुलाई सरकारबाट देशभित्र पस्ने प्रवेशाज्ञा दिइनेछ। तिनीहरुले आफ्नो जीविका आफै पाल्दै गुप्ती रुपले घरेलु मण्डलीहरु स्थापना गर्नुपर्दछ।

एक मिसनेरी उम्मेदवारले बाइबलीय शर्तहरु चाहिँ पूरा गर्नैपर्छ :

- ☐ मण्डलीले उसको बोलावट अनि वरदानहरुलाई चिन्नु पर्छ। (प्रेरित १३:१-३)
- ☐ उसले तीतस १:५-९ सम्म मण्डली अगुवाहरुको निम्ति भएका शर्तहरु पूरा गर्दछ।

हामीले मिसनेरी उम्मेद्वारलाई यी कुराहरुमा सहयोग गर्नुपर्छः

- नबाँचेका आत्माहरुप्रति गहिरो प्रेम हुनु ।
- सुसमाचार नपुगेको क्षेत्रमा जानलाई परमेश्वरको बोलावट निश्चित गर्नु ।
- भिन्नै संस्कृतिमा रहन अनि अरुको भाषा सिक्न सक्षम हुनु ।
- प्रेरितपना लगायत उसमा भएका अरु आत्मिकी वर दानहरु चिन्नु ।
- साथीहरु अनि अरु मानिसहरुसित मिलेर रहन सक्नु ।
- उसको बोलावटको निम्ति उसकी पत्नी अनि नानीहरुसित सहमत हुनु ।
- प्रार्थनाको पवित्र जीवन अनि प्रभुप्रतिको आज्ञाकारितामा जिउनु ।

मि२८ छोरी अनि नातिनी मण्डलीहरु स्थापित गर्नोस्

लक्ष्यः

नयाँ पाष्टर तथा एल्डरहरुले छोरी तथा नातिनी मण्डलीहरु स्थापित गर्न अनुमति दिऊन् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

सिकारुको निम्ति बाइबलीय तरिका प्रयोग गरिन्छ । त्यसो गर्दा मण्डलीहरुले मिसनेरी, पाष्टर तथा एल्डरहरु यस्तो पार ाले उत्पादन गर्नेछन् कि तिनीहरुसितका सिकारुहरुले पनि त्यहाँ अनुकरण गर्ने मौका पाउने छन् । जसरी खीष्ट र उहाँका चेलाहरुले नमूनाहरुको रुपमा सेवा गरे, त्यसरी नै उनीहरुले पनि गुरुले गरेको देखेनन् भने अरुलाई अह्राउन सक्तैनन् । सिकारुसित नभएको सामाग्रीहरु उनीहरुले प्रयोग गर्ने छैनन् । नयाँ अगुवाहरुसित नभएसम्म मिसनेरीले कुनै फिल्म तथा इलेक्ट्रोनिक सामानहरु प्रयोग गर्ने छैनन् ।

यसकारण मण्डलीमा सेवक अगुवा हुनुपर्दछ, बोस जस्तो प्रमुख होइन । यस्तो व्यक्तिलाई कसरी तालीम दिन सकिन्छ ?

☐ तालीम पाउँदै गर्दा उसले अरु एल्डरहरुसित आफ्नो पाष्टरीय काम बाँडचुड गर्दछ जसले अरु सह-पाष्टर हरुसित प्रेममा सेवा गर्दछन् ।

☐ उसले क्लासको शिक्षा मात्र होइन, तर सेवा गर्दा अझ अनुभवी अगुवाबाट तालीम पाउँदछ ।

☐ केवल गम्भीर, परिपक्व मानिसहरुलाई मात्र तालीम दिइन्छ । "एल्डर" शब्दको अर्थ नै परिपक्व व्यक्ति हो ।

उत्तरः नयाँ करारमा तीनवटै उत्तरहरु काम लाग्दा हुन् ।



- उसको मण्डली अगुवाहरुको अधीनमा रहनु अनि उनीहरुले दिएको आज्ञा पालन गर्नु ।

- आउनेवला कठिनाइहरुबाट भएर जानसक्नु जस्तैः
  - सरकारसितका समस्याहरु (पासपोर्ट, भिसा, कानूनहरु, इत्यादि),
  - अन्यजातिका देशमा भएका रोग अनि खतराहरु,
  - विभिन्न स्थानीय रीतिरिवाज अनि भाषा,
  - शैतानिक हमलाहरु, मूर्तिपूजा अनि भ्रष्टाचार ।

कसरी कुनै पनि व्यक्तिले मिसनेरी बोलावट पाउन सक्छ ? (सबभन्दा असल उत्तरमा चिन्ह लाउनोस् ।)

☐ वास्ता नपुगेका मानिसहरुकहाँ जानलाई एक जल्दो इच्छा (खुट्टा चिलाउनु) ।

☐ आफूले पाएको शिक्षा प्रयोग गरी धेरै मानिसहरुकहाँ पर मेश्वरको सारा वचन प्रचार गर्ने इच्छा भएको ।

उत्तरः मिसनेरी अथवा प्रेरितीय वरदान मिसनेरी भएर जान चाहने व्यक्तिले पत्ता लाउन सक्नुपर्छ, अथवा अझसम्म सुसमाचार नपुगेको ठाउँमा सुसमाचार लैजानको निम्ति पावलमा जस्तै विशेष इच्छा हुनुपर्छ । (रोमी १५:२०-२१)

मिसन क्षेत्र जानुको निम्ति तल दिइएका कारणहरुमध्ये कुन चाहिँ उत्तम कारण हुन सक्छ ?

- ☐ किनकि तपाईं एक प्रचारक हुनुहुन्छ अनि तपाईंले प्रचार गर्ने ठाउँ खोजिरहनु भएको छ ।
- ☐ किनकि सुसमाचार कहिल्यै नसुनेकाहरुको निम्ति तपाईंमा करुणा जागेको छ ।
- ☐ किनकि मिसनेरीको रुपमा तपाईंले अझ बढी पैसा कमाउनु हुनेछ ।

सर्वोत्तम उत्तर चाहिँ किनकि सुसमाचार कहिल्यै नसुनेकाहरुको निम्ति तपाईंमा करुणा जागेको छ ।

बोलाइएकाहरु अलग पारिएका हुन्छन्

पवित्र आत्माको शक्तिद्वारा मिसनको निम्ति वरदान भएकाहरुलाई हामी अलग पार्दछौं, अनि उनीहरुको बोलावटलाई स्वीकार्दछौं: प्रेरित १३:१-३

प्रेरित १३:१-३ मा एन्टियोकमा भएका भाइहरुले प्रार्थना गरे, उपवास बसे, अनि सुसमाचार नपुगेका ठाउँहरुमा जान

अगुवाहरुको यो तयारी क्रम बढिरहने छ । उसले पाष्टर गर्दै गरेको मण्डलीमा ध्यान केन्द्रित गरेर हामी त्यो अगुवालाई तालीम दिन्छौं । यो तालीम उनीहरुलाई चाहिएको ध्यान दिन सकिएमा पाष्टरीय विद्यार्थीहरुको माझ हुनसक्नेछ ।

एक मिसनेरीले सेवक अगुवाको भूमिका निभाउनु पर्दछ । मिसनेरी सेवकले परिपक्व विश्वासीसित अगुवापनको दर्शन बाँड्दछ । उसले आदेशहरुद्वारा होइन, तर नम्र सेवकहरुको हैसियतमा नमूनाद्वारा अगुवाइ प्रदान गर्दछ (१ पत्रुस ५:१-५)। यदि कुनै व्यक्तिलाई अरु अगुवाहरुको सम्पर्क विना क्लासरुममा मात्र अगुवाको तालीम दिइयो भने, उसले त्यस्तै प्रकारको अगुवा शैली सिक्नेछ । एक अनुभवी पाष्टरले कसरी बगाललाई गोठालाको भूमिका निभाउँदै सेवा पुऱ्याउँछ त्यो भन्दा भिन्दै पारामा उसले बढो हुकुमी शासन चलाउने छ ।

सेवक पाष्टरले उसका भेडाहरुलाई प्यारो चेलाहरुको रुपमा स्वीकार्छ । उ एक बोस होइन, तर एक नम्र सेवक हो । उसले अरु एल्डरहरुलाई चेला बनाउँछ, ताकि तिनीहरुले सानो सेलमा वा संगतिमा सेवकहरुको रुपमा गोठालाको जिम्मेवारी निभाउन सक्छन् । उनी नयाँ अगुवाहरुबाट प्रतियोगी हुने डर मा पर्ने छैनन्, किनकि उनीहरु उनका चेलाहरु हुन् ।

मि२७ परिपक्व मानिसहरुलाई पाष्टर अनि अगुवाहरुको रुपमा तयार पार्नोस्

लक्ष्य:

सेवा गर्न सक्षमता भएका परिपक्व मानिसहरुले उनीहरुलाई चेला बनाउने अरुहरुबाट तालीम पाउने काम जारी राखुन् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

प्रथम पाष्टरहरुलाई मिसनेरीहरुले चेला बनाउँछन् । ती प्रथम पाष्टरहरुले नयाँ पाष्टरहरुलाई चेला बनाउँदै तिनीहरुको मण्डलीमा सेवा पुऱ्याउँछन् । ती नयाँ पाष्टरहरुले 'छोरी' मण्डलीको सेवा गर्दै 'नातिनी मण्डली' का पाष्टरहरुलाई चेला बनाउँछन् । यसरी तपाईं जिम्मेवार हुनु भएको हरेक समुदायमा अरु पाष्टरहरु बनाउने काम हुँदै गएको कारण पाष्टरहरुको साङ्लो बन्दै जान्छ ।

जब हामीले परिपक्व मानिसहरुलाई, एकलो जवान मानिसलाई होइन, जस्तो कि बाइबलमा भनिएको छ (१ तिमोथी ३:१-७, तीतस १:५-९), तालीम दिन्छौं,

लागेका मिसनेरीहरुमाथि हात राखेर प्रार्थना गरे । यति बेला चाहिँ यिनीहरु त्यति भिन्न संस्कृति भएका मानिसहरुकहाँ गएका थिएनन्, यसकारण उनीहरुले नयाँ भाषा पनि सिक्नु परेन । आज, उनीहरु सुसमाचार नपुगेका क्षेत्रहरुमा जाने भएका हुनाले, विभिन्न संस्कृति अनि भाषाहरु सिक्नको निम्ति तयारी हुनैपर्छ ।

एन्टियोकको मण्डलीबाट कुन तीन जनाको टीम गएका थिए ?

_____

उत्तर: हेर्नोस् प्रेरित १३:१-३

प्रेरित ११:१२ अनुसार, जोप्पाको मण्डलीबाट कति जना पत्रुससित सिजरिया गएका थिए ?

_____

उत्तर: पत्रुससित ६ जना यहूदी इसाईहरु गएका थिए । यो प्रोजेक्टमा दुइवटा मण्डलीहरु (जोप्पामा भएको मण्डली र यरुशलेममा भएको पत्रुसको मण्डली) सहभागी भएका थिए ।

हामीले यसबारेमा प्रेरित १० मा पढ्न सक्छौं । प्रेरित ११ मा हेर्‍यौं भने पत्रुसले "बोजु" मण्डलीलाई प्रतिवेदन दिएको पाउँदछौं ।

पत्रुस र अरु यहूदी मिसनेरीहरुको लागि के समस्या थियो जो परमेश्वरले प्रेरित १० मा सुल्झ्याइदिनु भएको हामी पाउँदछौं ? सबभन्दा बढी मिल्दो उत्तरमा चिन्ह लाउनोस्:

- ☐ तिनीहरुलाई प्रचार गर्ने लाइसेन्स थिएन ।
- ☐ तिनीहरु अर्को संस्कृतिको रीतिरिवाजले बाँधिएका थिए ।

उत्तर: तिनीहरुले अर्को संस्कृतिलाई स्वीकार्न सकेका थिएनन् ।

यसैकारण, परमेश्वरले दर्शनद्वारा पत्रुसलाई सबभन्दा पहिले तयार पार्नुभयो (प्रेरित १०:९-१८)। उनीहरु धेरै दिन कर्नेलियसको घरमा बसे, जहाँ उनीहरुले यहूदी संस्कारद्वारा मनाही गरिएको खानाहरु खानु परेको थियो । यरुशलेमबाट आएका अरु मिसनेरीहरुले पनि यस्तै पूर्वाग्रहहरु खप्नु परेको थियो (पावलले गलातीको पुस्तकमा सुल्झ्याएको व्यवस्थाका कुराहरु)। पहिलो अन्तर-सांस्कृतिक मिसनेरी योना थिए, जसले त्यस्तै प्रकारका सांस्कृतिक पूर्वाग्रहहरु झेल्नु परेको थियो ।

नयाँ अगुवाले सजिलैसँग अप्नाउन सक्ने किसिमको आराधना र अगुवापनलाई उसले विकास गर्दछ । यदि नयाँ अगुवाले त्यो नमूना पछ्याउन सक्तैन भने, उसले कुनै पुल्पिट अथवा अप्ठ्यारो संगीत प्रयोग गर्दैन । नयाँ अगुवालाई सजिलो लाग्ने शैली उसले प्रस्तुत गर्दछ ।

नयाँ करारमा जस्तो गरी प्रभुभोज सम्पन्न गर्दै सेवा अगुवाइ गर्नु नयाँ अगुवालाई सानो मण्डलीमा सजिलो पर्दछ । उसले आफ्नै परिवारबाट शुरु गर्नसक्छ । यदि नयाँ अगुवाले अति छिटै औपचारिक रुपमा प्रचार गर्न थाले उसले गाली अथवा अर्ती दिने प्रवचन बाहेक अरु केही गर्नसक्तैन । तर सानो झुण्डमा उसलाई बाइबलको कथा भन्न र बुझाउन सजिलो पर्दछ । तब झुण्डलाई पनि बाइबल कथामा भनिएका कुराहरुको अर्थ र व्यावहारिक कर्त्तव्यबारे छलफल गर्न सजिलो पर्दछ । तिनीहरुले एकाअर्काको निम्ति प्रार्थना गर्न अनि आउँदो साता ख्रीष्टको निम्ति के गर्नु पर्ने हो भनी योजना गर्न सक्छन् ।



परिवारहरुसित अनि कष्टमा परेकाहरुसितको क्रियाकलापहरु:

- व्यक्तिगत अथवा पारिवारिक समस्याहरु भएकाहरुलाई परामर्श दिनु
- आवश्यकतामा भएका, अथवा बिरामी, अथवा शोकमा परेकाहरुलाई सहायता गर्नु
- परिवारहरुलाई सामर्थ्यवान बनाउनु

अगुवाहरुको लागि क्रियाकलापहरु:

- तिनीहरुका आत्मिकी वरदानहरु अनुसार सेवकाइहरु विकास गर्नु
- नयाँ अगुवाहरुलाई तालीम दिनु
- यी सबै सेवकाइहरुमा मण्डलीको प्रगतिको मूल्याङ्कन गर्नु

अन्तर-सांस्कृतिक मिसनेरीले सकेसम्म छिटो स्थानीय अगुवाहरुलाई प्रोत्साहित गर्ने काम गर्दछ। उसले कार्यक्षेत्रको शुरुमा नै आफूलाई पर्दा पछाडि राखेर नयाँ अगुवाहरुलाई तालीम दिन्छ। उसले अगुवाको अभिनय गर्दैन, तर नयाँ अगुवाहरुलाई अघि सार्छ। जबसम्म कुनै विदेशीले नै अगुवाइ गर्नु पर्ने हुन्छ, तबसम्म उसले सार्वजनिक रुपमा कुनै सेवा सञ्चालन गर्न उत्साहित गर्दैन।

भविष्यमा आइपर्ने समस्याहरु

भिन्न संस्कृतिलाई सामना गर्दा समस्याहरु ता सधैं हुन्छन् नै। यरुशलेमको बोजु मण्डलीमा भएका कतिपय सदस्यहरुले यो मनाही गरिएको खाना खाँदा उजुरी गरे। परमेश्वरको कृपामा, पत्रुसले अन्तर-सांस्कृतिक मिसन कामका अति प्रमुख समस्याहरुलाई हटाउन सके। नयाँ विश्वासीहरुले उनकै संस्कृतिको रीतिरिवाज मान्नुपर्छ भनेर उनले कर गरेनन्। इभान्जलिकल मिसनेरीहरुको निम्ति सबैभन्दा ठूलो अल्झो के हो भने उनीहरुले अरु संस्कृतिमा जाँदा पनि आफ्नै संस्कृतिका कुराहरु लिएर जान्छन्, उदाहरणको निम्ति संगीतको शैली, मण्डली सभाको रुपरेखा, पहिरण, खानु र पिउनुसम्बन्धी नियमहरु अनि अगुवाहरुलाई सुसमाचार तथा प्रवचन प्रचारका तरिकाहरु, अनि तालीमहरु। यी कुराहरु गर्ने तरिका प्राय जसो गरी धर्मशास्त्र अनुसार भन्दा पनि रीतिअनुसार गर्ने चलेको देखिन्छ।

इभान्जलिकल मिसनेरीहरुको निम्ति सबैभन्दा प्रमुख समस्या के हो ?

☐ उनीहरुले नयाँ विश्वासीहरुलाई अर्कै संस्कृतिका रीतिरिवाज पालन गर्न लाउँछन्।

☐ तिनीहरुले नयाँ संस्कृतिको हरेक कुरो (मूर्ति पूजा लगायत) स्वीकार गर्दछन्।

उत्तरः तिनीहरुको आफ्नै सांस्कृतिक रीतिरिवाजहरु पालन गर्न लाउँछन् ।

मिसनेरी पठाउने अति असल उपाय के हो ?

☐ मिसनेरीहरुको सानो झुण्ड बनाएर पठाउनु ।
☐ पैसा जोगाउनको निम्ति एकलै पठाउनु ।

उत्तरः हामीले मिसनेरीहरुलाई एकलै पठाउनु हुन्न । येशू ख्रीष्टले एकलै काम गर्नुभएन, नता प्रेरितहरुले नै । एकलोपनले मिसनेरीहरुमा समस्याहरु ल्याउँछ, गलत न्याय अनि कहिले काहीँ अनैतिकताको पनि । एन्टियोकको मण्डलीले तीन जनालाई सँगै पठाएः शाऊल, बर्णबास, अनि सहयोगीको रुपमा यूहन्ना मर्कुस ।

गलाती ५ बाट अर्को भिन्दै संस्कृतिबाट ल्याइएका रीतिरिवाजहरु के थिए जसले एकदमै नराम्रो समस्या ल्याएको थियो :

_____

_____

पाष्टरीय अध्ययनः

नयाँ अगुवाहरुले विद्यार्थी क्रियाकलाप गाइड, (तालीम र वृद्धि) मा दिइएका क्रियाकलापहरु अभ्यासमा ल्याउँछन् । ती क्रियाकलापहरु यसप्रकारका हुन्छन्:

विश्वासमा परिवर्तन नभएकाहरुसँग सम्पन्न हुनुपर्ने क्रियाकलापहरुः

- सुसमाचार प्रचार गर्ने
- छोरी मण्डलीहरु स्थापना गर्ने

विश्वासीहरुसँग गरिने क्रियाकलापहरुः

- प्रार्थना (व्यक्तिगत आराधना, पारिवारिक प्रार्थना, चङ्गाइ, अन्तर्विन्ती)
- दिनु
- परमेश्वरको वचन सिकाउनु
- संगतिको विकास गर्नु
- मिलेर उपाषना गर्नु
- बगालको आत्मिकी जीवनमाथि वास्ता पुऱ्याउनु

मि२६ नयाँ करार मण्डलीलाई चाहिने सेवकाइहरु विकास गर्नोस्

लक्ष्य:

नयाँ अगुवाहरुले आफ्ना मण्डलीका नयाँ सदस्यहरुलाई पर मेश्वरले उनीहरुलाई दिनुभएका आत्मिकी वरदानहरु अनुसार मण्डलीमा सेवा पुऱ्याउनको लागि आव्हान गरुन् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

नयाँ अगुवाहरुले सेवा गर्दछन् । मिसनेरी अनि अरु अगुवाहरुले परामर्श दिन्छन्, अथवा एल्डर तथा पाष्टरको रुपमा सेवा गर्नेहरुलाई तालीम दिने व्यक्तिहरुलाई मेन्टोर गर्दछन् । यदि उनीहरु अति नै नयाँ भए, तिनीहरुले पाष्टरको रुपमा सेवा गर्नसक्ने चरित्र र क्षमता प्रमाणित नगरुञ्जेल तिनीहरुका परामर्शदाताहरुले तिनीहरुलाई अस्थायी रुपमा "एल्डरहरु" को रुपमा नियुक्त गरी सेवा गर्न लाउनेछन् ।

एफिसी ४:११-१२ मा परमेश्वरले तपाईंको मण्डलीलाई दिनुभएको "प्रेरितहरु" सम्बन्धी एक प्रतिज्ञा पत्ता लाउनु होस् । "प्रेरित"को अर्थ "पठाइएको व्यक्ति" हो ।

_____

_____

रोमी १५:२०-२१ अनि एफिसी ३:१-१३ अनुसार वास्ता नगरिएका मानिसहरुकहाँ जानु आफ्नो बोलावट हो भनी पावलले बताएका छन् ।

टिप्पणीहरु:

_____

_____

_____

_____

मि७ अन्तर-सांस्कृतिक क्षेत्रमा बेजोडसँग काम गर्ने अनि तपाईंले छान्नुभएको क्षेत्रमा रुची लिने संस्थासँग सहभागिता लिनोस्, अथवा त्यस्तै संस्था खडा गर्नोस् ।

लक्ष्य:

तपाईंले छान्नुभएको क्षेत्रमा रुची लिने संस्थासँग सहभागिता लिनु अथवा त्यस्तै संस्था खडा गर्नु ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

पठाउने मण्डलीकै जस्तो दर्शन भएको एक संस्था खोज्नोस् । जुन व्यक्तिहरुकहाँ काम गर्नको निम्ति मिसनेरीहरुलाई बोलावट भएको छ त्यो संस्थाले हरेक मिसनेरीलाई त्यसरी नै सहयोग गर्नुपर्छ ।

विगत अन्तिम शताब्दीतिर सुसमाचार पुऱ्याउन वास्ता नगरि एका क्षेत्रहरुमा केही मिसनेरीहरु गए । १०० जना मिसनेर

भाग ६

जब मण्डलीहरु वृद्धि भइरहेका हुन्छन् अगुवाहरुलाई तालीम दिइन्छ

पाष्टरीय तालीम पुस्तिकाहरु:

३७ मण्डली स्थापनाबारे निर्देशिका

नयाँ मण्डलीका सबै सदस्यहरु एक अर्कालाई प्रेम गर्दै उनीहरुको आत्मिकी वरदान प्रयोग गरेर सेवा गर्ने जीवित देह हुन सकुन् भनी तपाईंका योजनाहरु लेख्नोस् ।

ीहरुमध्ये केवल १० जना मात्र साँच्चै बेवास्ता भएका क्षेत्रहरुमा जाने गरेका छन् । यीमध्ये केवल २ वा ३ जना मात्र, सुसमाचार प्रचारको निम्ति ढोका बन्द भएका ठाउँहरुतिर जान्छन् । संसार को अझ पनि धेरै भागमा वास्ता पुऱ्याउन सकिएको छैन ।

कतिपय ठाउँहरुमा धेरै मिसनेरीहरु छन् । कतिपय मिसनेरीहरु अघि नै सुसमाचार प्रचार भएका अनि राष्ट्रीय मण्डलीहरु भएको ठाउँहरुतिर जान्छन् किनकि यी अरुले पनि चाल पाएका ठाउँहरु हुन् अनि सबैको ध्यान त्यतैतिर आकर्षित हुन्छ । सुसमाचार प्रचार भएको ठाउँलाई मिसनेरीहरुले एक बेवास्ता भएको ठाउँको रुपमा मानिलिएर त्यहाँ जाँदा ती मिसनेरीहरुले स्थानीय पाष्टरहरुलाई चोट पुऱ्याउने काम गरिरहेका हुन्छन् । कति मिसनेरीहरु चाहिँ स्थानीय मण्डलीहरुलाई नियन्त्रणमा राख्नको लागि सुसमाचार प्रचार भइसकेको ठाउँमा बसिरहन्छन् ।

यस्तो हुनबाट जोगाउन, पठाउने मण्डलीले मिसन सुपर भाइजरहरुसित नयाँ मिसनेरीहरुको बोलावट र आदेशलाई आदर गर्ने अनि उनीहरुलाई सुसमाचार नपुगेको ठाउँमा पठाउने काम हुनुपर्छ भनी एक सहमति कायम गर्नुपर्छ ।

मिसनेरी एजेन्सीको कार्य-क्षेत्रीय सुपरभाइजरले उसले नचिनेको नयाँ मिसनेरीलाई त्यति वास्ता नगर्ला, तर पठाउने मण्डलीप्रति उनीहरु सचेत रहन्छन् । मण्डलीको निवेदनमा, नयाँ मिसनेरीहरुलाई सुसमाचार नपुगेको व्यक्तिहरुको माझमा काम गर्नलाई अनुमति दिनेछन्, जसको निम्ति पर मेश्वरले उनीहरुलाई बोलाउनु भएको हो ।

साधारण विश्वासीहरुमध्ये (जसलाई "ले" भनिन्छ) बाट मिसनेरीहरु चाहिएको छ । धेरै शैक्षिक योग्यता भएको, व्यावसायिक, पूर्णसमय मिसनेरीहरु मात्र पठाउने चलन नै आजको गल्ती भइआएको छ। तर संसारका धेरै जसो मण्डलीहरु विभिन्न प्रकारका सहकर्मीहरुद्वारा स्थापित भइरहेका छन् अनि तिनीहरुलाई "ले" स्वयंसेवकहरु भनिन्छ । यस्ता व्यक्तिहरु त्यस्ता ठाउँमा पनि काम गर्न सक्छन् जहाँ सरकारले मनाही गरेको छ । यसैकारण व्यवसायमा आधारित मिसनेरी सेवकाइ गराउने संस्थाहरुसित हामी सम्बन्धित हुनुपर्दछ ।

मिसनेरीहरुले कतिपय क्षेत्रहरुलाई वास्ता गरेका हुँदैनन् किनकि मण्डलीहरुले तिनीहरुको बारेमा जानेका हुँदैनन् । वास्ता नपुगेका प्रायः जसो मानिसहरु मुस्लिम, हिन्दू अनि

कलस्सी ३:१३ _____

१ थिस्सलोनिकी ४:१८ _____

याकूब ५:१६ _____

१ पत्रुस ४:९ _____

१ पत्रुस ५:५ _____

१ यूहन्ना १:७ _____

१ यूहन्ना ३:२३ _____

हामीले ती भाइहरुलाई "एक अर्कालाई प्रेम गर्न सहमत गराउन" सहयोग गर्नुपर्छ । तब हामीले नयाँ मण्डलीमा कसरी व्यवहार गर्नुपर्छ सो बुझाउन सक्छौं । माथि दिइएका खण्डहरु पढेर उनीहरु आपसमा प्रेम गर्न, क्षमा लिनदिन, चेताउनी लिनदिन, पाप स्वीकार गर्न, बोझ उठाउन, आदर गर्न, सहमत बन्नेछन् ।

हामीले एक अर्काको निम्ति के गर्नु पर्ने हो त्यो तपाईंले यहाँ पाउनु हुनेछ। नयाँ करारमा भएका यी पदहरुमा "एक अर्का" अथवा त्यस्तै अर्थ दिने शब्दहरु पाउदछौं:

यूहन्ना १३:३४ _____

रोमी १२:१६ _____

रोमी १३:८ _____

रोमी १५:५-७ _____

गलाती ६:२ _____

एफिसी ४:२ _____

एफिसी ४:२५ _____

एफिसी ४:३२ _____

एफिसी ५:२१ _____

बौद्ध धर्मावलम्बीहरु हुन् जो उत्तरी अफ्रिका, मध्यपूर्व, एशियाका धेरै भागहरु अनि इन्दोनेशियामा बस्दछन्।

मण्डलीले अरु मण्डलीहरुसित मिलेर एक मिसनेरी संस्था खोल्न अथवा खोज्न सक्छ।
यी संस्थाहरुमा निम्न गुणहरु हुन आवश्यक छः

- यो स्थानीय इसाईहरु मिलेर बनिएको संस्था हो जसको लक्ष्य वास्ता नपुगेका क्षेत्रहरुमा सुसमाचार पुऱ्याउनु।
- पठाउने मण्डलीहरुको योजनामा सहमत भएर यसले काम गर्दछ।
- आ-आफ्ना आत्मिकी वरदानहरु अनुसार विभिन्न सदस्यहरु भएका मण्डलीहरुद्वारा गठन भएका टीमहरुलाई यसले स्वीकार गर्दछ। कति परम्परावादी संस्थाहरुको निम्ति ती मिसनेरीहरुले यति विघ्न शैक्षिक तयारी गर्नु पर्दछ कि तिनीहरुका मिसनेरीहरु सबै शिक्षकहरु मात्र बन्दछन्।

- मिसनेरी अनि अगुवाहरुको निम्ति ता बाइबलीय गुणहरु भए पुगिहाल्छ। उनीहरु पेशेवार मिसनेरीको रुपमा होइनन् भने ता उनीहरुको निम्ति अति उच्च शैक्षिक योग्यता चाहिँदैन। साथै बाइबलले तोकेको भन्दा बढी आर्थिक खाँचो पनि आवश्यक पर्दैन। कति मिसनेरीहरु धनी भएर जिउँछन्, यो खीष्टको शिक्षा विपरीत हुनजान्छ। हामीलाई त्यस्तो संस्था चाहिन्छ जसले मिसनेरीहरुलाई येशूले समर्थन गर्नुहुने आर्थिक स्तरमा जिउनलाई मदत गर्नसक्छ।

- यो संस्थाले पेशेवार मिसनेरी कार्यक्षेत्रमा पठाउँछन् जहाँ इसाई कार्यकर्ताहरुलाई मनाही गरिएको छ। (पेशेवार मिसनेरीले आफ्नो खाँचो लौकिक काम गरेर पूरा गर्छ, अनि गुप्तीमा सुसमाचार प्रचार गर्दछ।)

टिप्पणीहरु:

_____

_____

_____

मि२५ प्रेममा एक भएको देहको रुपमा मण्डली खडा गर्नोस्

लक्ष्य:

नयाँ विश्वासीहरुले अनि मण्डलीका सदस्यहरुले एक अर्कालाई प्रेम गर्ने अनि सेवा गर्ने प्रतिज्ञा गरुन्।

☐ योजना गरिएको।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

नयाँ विश्वासीहरुले प्रेममा खीष्टको आज्ञा पालन गर्नको निम्ति आफैलाई समर्पित गर्दछन्।

बप्तिस्मा लिए पछि, नयाँ विश्वासीहरुले प्रभुमा एउटै परिवार को एक हुन अनि एक अर्कालाई प्रेम गर्न, क्षमा दिन अनि तिनीहरुमा भएको आत्मिकी वरदानहरु प्रयोग गरेर सेवा गर्नको निम्ति एक अर्कासँग सहमत हुन्छन्।

मि२४ सबैभन्दा बढी, येशूका आज्ञाहरु पालन गर

लक्ष्य:

नयाँ विश्वासीहरुले प्रभु येशू ख्रीष्टका सबै आज्ञाहरु पालन गर्न थालुन् ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

येशू ख्रीष्टले आज्ञा गर्नुभएका कुराहरु नै सबै विश्वासीहरुले गर्नेछन् । तिनीहरुले पश्चाताप गर्नेछन्, बप्तिस्मा लिनेछन्, प्रभुभोज मनाउनेछन्, व्यावहारिक रुपमा परमेश्वरलाई अनि छिमेकीलाई प्रेम गर्नेछन्, तिनीहरुका शत्रुहरुलाई क्षमा गर्नेछन्, अति आवश्यकतामा परेकाहरुलाई मदत गर्नेछन्, खुशीसाथ दिनेछन्, दिनहुँ प्रार्थना गर्नेछन् अनि तिनीहरुका आफन्तहरु अनि मित्रहरुको माझमा ख्रीष्टको निम्ति साक्षी बन्दै चेलाहरु बनाउनेछन् ।

पाष्टरीय तालीम पुस्तिकाहरु:

७ प्रभु येशू ख्रीष्टलाई पछ्याउनु

मि८ मिसनेरीहरुलाई सपोर्ट अनि वास्ता गर्नोस्

लक्ष्य:

मिसनेरीहरुलाई सपोर्ट गर्न निरन्तर सहयोगहरु दिइरहनु ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

२ कोरन्थी ९:७ अनुसार, हरेक इसाईले मिसनेरी कामको लागि कति दिन चाहन्छ, निर्णय गरोस् । मण्डलीले चुनेको कुनै एक जना मिसनेरी अथवा मिसनेरीहरुको एक टीमलाई हरेक जसले दिन चाहन्छ, उनीहरुले कुनै रकमको प्रतिज्ञा पत्र भरोस्, जो चाहिँ मण्डलीमा दिइने भेटीहरुभन्दा छुट्टै हुनुपर्छ ।

विश्वासमा प्रतिज्ञा भन्नाले हामी के बुझ्दछौं ?

☐ मिसनेरी कामको लागि मासिक सपोर्ट दिनको निम्ति विश्वासमा परमेश्वरप्रति समर्पित हुनु ।

☐ मण्डलीले पनि यसको आयको केही भाग मिसनेरी कामको लागि छुट्याउँछ ।

उत्तरः दुवै तरिका राम्रो हो । तर प्रभुले देखाउनु भएको कुनै एक वा धेरै मिसनेरीहरुलाई दिनको निम्ति विश्वासीहरु स्वयं समर्पित भएर प्रार्थनासहित दिँदा उनीहरुले खुशी भएर दिन्छन्, अनि धेरै पनि दिन्छन् । यसले मण्डलीमाथि बढी भार पनि पर्दैन, किनकि परमेश्वरले मण्डलीलाई लूका ६:३८ मा सिकाउनु भए जस्तै गरी इनाम दिनुहुनेछ ।

गरीबी एक बाधा बन्नु हुँदैन । सुसमाचार नपुगेका प्रायः जसो क्षेत्रहरुमा पेशेवार मिसनेरीहरु नै चाहिन्छ जसले काम गरेर आफ्नो आर्थिक सपोर्ट जुटाउँछन् । अरु देशहरुमा व्यवसाय चलाउने इसाईहरुले तपाईंलाई यस विषयमा सल्लाह दिनसक्छन् ।

पठाउने मण्डलीले तिनीहरुलाई उत्साह दिनको लागि तिनीहरुसँग सम्पर्क गर्दछ । जब तिनीहरु विदामा आउँछन्, यसले तिनीहरुलाई पाष्टरीय वास्ता दिन्छ, अथवा तिनीहरुको कार्य-क्षेत्रमा पनि गएर भेटघाट गर्दछन् । हरेक एक या दुई महीनामा मिसनेरीहरुले खबर अनि प्रार्थनाका विषयहरु पठाउँछन् ।

भाग ५

नयाँ चेलाहरुले प्रभु येशू खीष्टको आज्ञाहरु पालन गर्दछन्

© Project WorldReach © SEAN

अरु क्षेत्रहरुमा काम होस् भनी हामीले आनन्दपूर्वक दिँदा पर मेश्वरले हामीलाई दिनुहुने केही आशिषहरु हामी २ कोरन्थी ९ अध्यायमा पत्ता लगाऔं ।

टिप्पणीहरु:

© Project WorldReach © SEAN

यो चाहिँ सौरमण्डलमा भएका सबैसँग एक हुनको निम्ति ईश्वरत्वको एक भागको रुपमा व्यक्तित्वहीन अस्तित्व हो ।

बुद्धिष्टहरुको पवित्र शास्त्रहरु, महावस्तु अनि अरुहरुमा बुद्धले मुक्तिदाता आउनु हुनेछ भनी अगमवाणी गरे । जब संसार दुष्टताले भरिएको हुन्छ तब बुद्धले भन्नुभएको यो "महिमित व्यक्ति" आउनु हुनेछ । यो महिमित व्यक्तिले भलाइको साथ सबै सत्य घोषणा गर्नुहुनेछ, अनि मानिसहरुलाई पुनर्स्थापित गर्नुहुनेछ । यो विशेष व्यक्तिलाई भारतमा मैत्रेयी, चीनमा मि लो-फू अनि जापानमा मिरोकू भनेर चिनिन्छ । थाइल्याण्ड अनि अरु देशहरुमा, मिसनेरीहरुले यो अगमवाणी भएको व्यक्तिलाई येशू ख्रीष्टमा विश्वास गराउनको निम्ति साँघुको रुपमा प्रयोग गरे ।

बुद्धिष्टहरुलाई सुसमाचार प्रचार गर्दा पनि हामीले स्थानीय संस्कृतिको निम्ति केही परिवर्तन अनि पुराना चलन अनि नैतिकताको धारणाको आदर गर्दै माथि हिन्दूहरुको निम्ति अप्नाएका कदमहरु नै चाल्नु पर्दछ ।

© Project WorldReach © SEAN

नैतिकतालाई जोड दिए, अर्थात, धर्मको नैतिक पक्षलाई । उनले परमेश्वरको क्षमादानद्वारा होइन, तर असल जीवनद्वारा बौद्धिकता र आत्मिक "प्रकाश" हासिल गर्नुपर्ने बाटो सिकाए ।

बुद्धलाई पछ्याउनेहरु हिन्दूहरु जतिकै मूर्तिपूजकहरु होइनन्, तर उनीहरुले जस्तै बहुईश्वरमा विश्वास राख्दछन् अनि सबै ईश्वर हुन् अनि ईश्वर सबै थोक हुन् भनेर भन्छन् । उनीहरुले पनि पुनर्जन्ममा विश्वास गर्दछन् अनि केवल भावात्मक अथवा "आत्मिकी" चाहिँ वास्तविक हुन् । भौतिक कुराहरु झूटा हुन् अथवा तल्लो स्तरको सपना हुन् । पाप भनेको देहको अधीनमा भएको दासत्व, अथवा भौतिक अनि सांसारिक इच्छाहरु मात्र हुन् । यसले पवित्र र व्यक्तिगत परमेश्वरलाई कुनै चोट पुऱ्याउँदैन । तिनीहरुले जीवनलाई आदर गर्दछन् अनि पशुहरुको हत्या गर्दैनन् अनि कति जना त शान्तिवादी छन् जो सेनामा भर्ना हुँदैनन् । तिनीहरुले वृद्धहरुलाई आदर गर्दछन् । तिनीहरुले मरेका पूर्खाहरुलाई आदर गर्दछन् अनि उनीहरुसँग प्रार्थना पनि गर्दछन् । भौतिक कुराहरुबाट अलग हुन अनि भावात्मक र आत्मिकी कुराहरुसित एक हुन उनीहरु मनन गर्दछन् । बुद्धिष्टहरुको निम्ति मुक्ति त्यतिबेला हुन्छ जब उनीहरु निर्वाणमा पुग्दछन् जसमा उनीहरु व्यक्तिको रुपमा अस्तित्व कायम गर्दैनन् ।

भाग २

अरु देशहरुमा सेवा गर्नलाई हामी तयारी बनौं

© Project WorldReach © SEAN

परमेश्वरको वचन सिके झैं, मिसनेरीहरुले अरु कतिपय दक्षताहरु पनि अभ्यास गरेर सिक्नु पर्दछ जो कक्षा कोठामा अथवा पुस्तकबाट सिक्न सकिन्न । तिनीहरुले सानो सेल अथवा छोरी मण्डली स्थापित गर्ने कामको अभ्यास गर्न सक्छन् ।



व्यक्ति होइन, तर यो त अमूर्त ईश्वरबाट आएको एक "थोपो" मात्र हो । तिनीहरुका शरीरबाट स्वतन्त्र भएका प्राणहरुको कुनै व्यक्तित्व अथवा भिन्नताहरु हुँदैन । स्वर्गमा कुनै भिन्नता छैन । कुनै पनि कुरो कालो अथवा सेतो, रातो अथवा हरियो, राम्रो अथवा नराम्रो, नजीक अथवा टाडो, सुन्दर अथवा भद्दा, यस्तो केही हुँदैन । सबै एउटै छ ।

मुक्ति

मुक्ति भन्नाले एउटा देहबाट अर्को देहमा अन्तहीन स्थानान्तरण भइरहने वृत्तबाट प्राणले छुटकारा पाउनु हो । खीष्टमा पुनरुत्थान भएर होइन, तर विना शरीर अथवा व्यक्तित्व भएर, अथवा विश्वव्यापी भावात्मकको एक भाग भएर मात्र कसैले यो देहबाट भाग्ने मौका पाउन सक्छ । यसको अर्थ यही हुन जान्छ कि व्यावहारिक रुपमा त्यो व्यक्तिले जिउनु नै छोडेको हुन्छ ।

बुद्ध धर्म पनि हिन्दू धर्म जस्तै हो । बुद्ध धर्मको संस्थापक गौतम (बुद्ध) एक हिन्दू नै थिए तर हिन्दू धर्ममा सुधार ल्याउन चाहे । उसले अलौकिक कुराहरु सबै इन्कार गरे । वास्तवमा उनी एक अनीश्वरवादी थिए । उनले

पवित्रता

पवित्रता शब्दको अर्थमा कुनै सकारात्मकता छैन । यो त शून्य छ, कुनै पनि भौतिक कुराको अनुपस्थिति अनि सारा मानव इच्छाहरुको अस्वीकृति मात्र । जो शारीरिक छ त्यो नराम्रो हो । पवित्रता मनन अनि हिन्दू कर्मकाण्डहरुद्वारा प्राप्त गर्न सकिन्छ । कति "पवित्र मानिसहरु" फोहोरी हुन्छन् किनकि तिनीहरु नुहाउँदैनन् ।

मनन

उनीहरुको हेराइमा मनन भन्नाले परमेश्वर अथवा उहाँको वचनमा बिचार गर्नु भन्ने बुझिन्न तर शुन्यताको बारेमा मनन गर्नु भन्ने बुझिन्छ । त्यो भावात्मक शुन्यता जो तिनीहरुको निम्ति सिद्धता हो त्यसमा प्रवेश गर्नु अथवा सबै पूर्वभाव अनि इच्छाहरुबाट भाग्नु बाहेक अर्को सकारात्मक उद्देश्य यो मननको छैन ।

मानिस

मानिस परमेश्वरको स्वरुपमा सृष्टि भएको होइन तर उनी जुन विशेष सामाजिक जातमा जन्मिएको छ त्यसै अनुसारको भौतिक देहमा कैद गरिएको एक प्राण मात्र हो । यो प्राण कुनै भावना, स्मरण अनि इच्छा भएको

मि९ परिवारहरुको मूल व्यक्तिबाट शुरु गरेर सुसमाचार प्रचार गर्न थाल्नु होस् ।

लक्ष्य:

मिसनेरीहरुले सारा परिवारलाई सुसमाचार प्रचार गरुन् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

हामीले स्थानीय संस्कृतिलाई सुहाउँदो तरिका अप्नाई सुसमाचार प्रचार गर्दछौं । धेरै क्षेत्रहरुमा, परम्परावादी तरिकाले गर्दा सरकार सतर्क बन्दछ, जसले विदेशीहरुलाई देश निकाला गर्दछन् अनि कहिले काहीँ विश्वासीहरुलाई मारि दिन्छन् ।

साधारणतया, हामीले परिवारको मूल व्यक्तिलाई भेट्नु राम्रो हो, जसरी पत्रुसले कर्नेलियसलाई अनि पावलले जेलको हाकिमलाई भेटेका थिए । हामीले उनीहरुलाई खीष्टको मृत्यु र पुनरुत्थानबारे बताइदिनु पर्दछ । प्रकृति अथवा आत्मा पुज्ने संस्कृतिमा, जसका धेरै देवताहरु पनि हुन्छन्, त्यस्ता

मानिसहरुमा व्यक्तिगत पवित्र परमेश्वरको बारेमा एकदमै थोरै मात्र ज्ञान हुन्छ। हामीले बाइबलका अरु कथाहरु सुनाएर परमेश्वर एउटै अनि पवित्र हुनुहुन्छ, अनि उहाँले पापीलाई सजाय दिनुहुन्छ, अनि सित्थैंमा उद्धार दिनुहुन्छ भनेर बुझाउनु पर्दछ। बाइबलको कथा यस्तो पाराले भनिनु पर्दछ कि उसले आफ्नो परिवारलाई पछि भन्न सकोस्।

यदि हामीले बाबुहरुलाई पहिले प्रचार गरेनौं भने, त्यस्ता मण्डलीहरुमा केवल स्त्रीहरु अनि जवानहरु मात्र हुनेछन्। यस्ता मण्डलीहरुले अरु मण्डलीहरु त्यति जन्माउन सक्तैनन्, किनकि तिनीहरुसित नयाँ मण्डलीहरुमा गोठालोको काम गर्ने गम्भीर व्यक्तिहरु नै हुँदैनन्।

मिसन फिल्डमा, अति प्रभावशाली सुसमाचार प्रचार कुन हो:

- ☐ परिवारको मूल व्यक्तिद्वारा।
- ☐ जवानहरुद्वारा जसले प्रायः जसो गरी सकारात्मक उत्तर दिन्छन्।

जीवन

जीवन शब्दको अर्थ आनन्द मनाउनु मिल्ने कुनै कुरो नभएर त्यसबाट भाग्नु पर्ने कुनै कुरो बुझिन्छ। हिन्दू धर्म अति नै निरासावादी धर्म हो। जीवनले कष्ट र दुःख मात्र ल्याउँछ। सर्वोत्तम उपाय चाहिँ मननद्वारा टाढो भाग्नु हो अथवा शरीरबाट सदाको लागि अलग्गिनु हो। यो एक यस्तो अस्तित्व हो जसमा इच्छा हुँदैन जसमा कुनै व्यक्तिले महसुस गर्दैन, बिचार गर्दैन अथवा चाहना राख्दैन।

पुनर्जन्म

पुनर्जन्मको अर्थ पुनः जन्म लिनु हो। मृत्युपछि, उसको "कर्म" अनुसार कि मानिस भएर अथवा पशु भएर त्यो व्यक्ति फेरि जन्मन्छ। कर्म एक कठोर अनि अन्धो प्रक्रिया हो। पहिलेको जन्ममा गरेको काम अनुसार यसले उसलाई कि कष्ट दिन्छ, कि राम्रो अवस्था उठ्नु दिँदैन। जसले राम्रो गर्दछ, उ अझ उच्च जात (सामाजिक स्तर) लिएर जन्मन्छ। गलत काम गर्दा तल्लो स्तरमा अथवा कमिला, भ्यागुता, कुकुर अथवा अरु केही भएर जन्म लिनु पुगिन्छ।

गर्ने अनि इच्छा राख्ने जस्ता कुनै व्यक्ति बुझाउँदैन, तर एक भावात्मक कुरो मात्र बुझाउँछ। "ईश्वर" नै सबै थोक हो, अनि सबै थोक नै "ईश्वर" हो। यसैकारण उनीहरुले पशुहरु पनि पुज्छन् (धेरैले मासु पनि खाँदैनन्) अनि हजारौं ईश्वरहरु छन्। हिन्दूहरुमा पनि विश्वव्यापी ईश्वर छ भन्ने धारणा छ तर प्रेम गर्ने व्यक्तिको रुपमा होइन तर भावात्मक (अमूर्त) रुपमा (कुनै भावना, इच्छा अथवा, विशेष ज्ञान विनाको आत्मा) अनि उहाँ अरु धेरै ईश्वरहरुमा प्रकटित हुनुहुन्छ।

पाप

पापको अर्थ न्यायी परमेश्वरको सजाय पाउनु पर्ने दुष्टता होइन, किनकि तिनीहरुले यो ठान्दैनन् कि उनीहरुको अमूर्त ईश्वरले कुनै महसुस गर्दछ अथवा अन्यायप्रति क्रोधित बन्नुहुन्छ।

तिनीहरुको निम्ति पाप भनेको बिरामीलाई दया नदेखाउनु अथवा तिनीहरुको इच्छा र लालसा सहितको शारीरिक कष्टबाट छुटकारा दिलाउने प्रतिज्ञाहरु भएका कर्मकाण्डहरु नगर्नु हो।

उत्तरः जसरी पत्रुसले कर्नेलियसको घरमा गरे (प्रेरित १०) अनि पावलले फिलिप्पीको जेलरलाई (प्रेरित १६), घरको पिता वा मूल व्यक्तिद्वारा सारा परिवारमा सुसमाचार पुग्दछ। हामीले सुसमाचार प्रचार गर्दा परिवारलाई ध्यान दिएनौं भने, मण्डलीहरु कमजोर हुनेछन्। मानिसहरुले यसलाई आदर दिनेछैनन्, अनि खीष्टप्रति मानिसहरु आकर्षित हुने अभियान हुन मुस्किलै पर्दछ।

पाष्टरीय तालीम पुस्तिकाहरुः

५ प्रभावशाली सुसमाचार प्रचार

२. सर्वोत्तम सन्देश

टिप्पणीहरुः

मि१० ससाना झुण्डहरुमा परमेश्वरको आराधना गरौं

लक्ष्य:

सानो घरेलु मण्डलीको निम्ति सुहाउँदिलो आराधनाको तरिका सिक्ने ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

प्राय: जसो सबै मण्डलीहरु व्यक्तिगत घरहरुमा जन्मेका हुन्, जहाँ पठाउने मण्डलीद्वारा प्रयोग गरिएको आराधना तरिका त्यति कामलाग्दो ठहर्दैन । बुद्धिमानी मिसनेरीहरुले आफूलाई पठाउने मण्डलीकै तरिकामा भजन गाउने, प्रचार गर्ने अनि गोठालाको भूमिका निभाउने शैली जबर्जस्ती अनुकरण गर्दैन । तिनीहरुले ता ससाना झुण्डहरुलाई सुहाउँदिलो तरिकाहरु अप्नाउनु पर्दछ अनि नयाँ अगुवाले अनुकरण गर्न सक्ने अनि उनीहरुले चाँडै जिम्मेवारी लिन सक्ने किसिमको हुनुपर्दछ ।

नबसाईकन यदि हामीले कुनै अविश्वासीलाई इसाई ईश्वर शास्त्रबारे कुरा गर्न थाल्यौं भने, हामी कहीँ पनि हुनेछैनौं । परमेश्वर एउटै हुनुहुन्छ, उहाँ सर्वशक्तिमान, पवित्र अनि प्रतिज्ञा पूरा गर्नुहुने हुनुहुन्छ, तर मानिसहरुलाई प्रेम गर्नुहुन्छ तर पापको कारण रिसाउनुहुन्छ, जसले दुष्टलाई सजाय दिनुहुन्छ । उहाँ मानव देहधारी भएर जन्मनुभयो, मर्नुभयो अनि मृत्युबाट बौरी उठ्नुभयो भन्ने रहस्यहरु प्रकट गर्ने गरी पहिला बाइबलबाट कथाहरु भन्नुपर्छ ।

हिन्दू र बुद्धिस्टहरुले बुझ्ने शब्दहरु हामीले प्रयोग गर्नुपर्छ । ईश्वरशास्त्रीय सिद्धान्तहरुबाट शुरु गर्नु बेअर्थको हुनजान्छ, किनभने प्रयोग गरिएका शब्दहरुले उनीहरुलाई अर्कै अर्थ दिइरहेको हुन्छ । हिन्दू र बुद्धिष्टले केही विश्वासहरु गर्दछन् । यिनै विश्वासहरुको कारण, तिनीहरुले हामीभन्दा भिन्नै अर्थ राखी निम्न शब्दहरु भन्दछन्:

बुद्धिष्ट र हिन्दूहरुको लागि इसाईहरुलाई भन्दा भिन्दै पाराले बुझाउने शब्दहरु:

परमेश्वर

उनीहरुको निम्ति परमेश्वर भनेको महसुस गर्ने, बिचार

विभिन्न भागहरु हुन् जसलाई घरेलु मण्डली (संगति) पनि भनिन्छ। एउटै जातिको माझमा काम गर्दा राम्रो परिणाम निस्केको देखेका छौं। ठूलो मण्डली तब हुन्छ जब ससाना सेल झुण्डहरुमा नयाँ विश्वासीहरुलाई सहभागी बनाइन्छ जहाँ उनीहरुले एकअर्कालाई राम्ररी बुझ्न सक्छन्। जब कुनै एक व्यक्ति विश्वासमा परिपक्व बन्दछ, अरु जातिकाहरुसँग साथी बन्न सजिलो पर्दछ। यही ससाना झुण्डहरुको माध्यमद्वारा ती नयाँ जन्म पाएकाहरुले उनीहरुकै समकक्ष साथीहरुलाई जात, संस्कृति अथवा आर्थिक तहबारे कुनै समस्या नभईकन सुसमाचार प्रचार गर्दछन्।

भन्नुको मतलब, यदि कुनै शहरमा तीन जनजातिहरु रहन्छन् अनि एकअर्कामा सुसमाचार त्यति सजिलै प्रसार हुनसक्दैन भने हामीले तीनवटा सेलहरु शुरु गर्नसक्छौं। हामीले तीनै वटा झुण्डहरुलाई प्रभुको सुसमाचार सुनाउनु पर्दछ किनकि येशूले हामीलाई सबै जातिकाहरुलाई चेला बनाउनु भन्नुभएको छ।

दार्शनिक अनि सैद्धान्तिक तर्कहरु नगर्नोस्। इसाई विश्वासको सैद्धान्तिक कुराहरुबाट शुरु गर्नु उपयोगी हुँदैन। हिन्दूहरु सैद्धान्तिक कुरामा भन्दा बढी शरीरका इच्छाहरु त्याग्न इच्छुक हुन्छन्। पहिला आधारभूत ऐतिहासिक जग

जब नयाँ अगुवाहरुले प्रेरितहरुकै नमूना अप्नाउँछन्, तब तिनीहरुले विभिन्न संस्कृतिमा आत्मिक उन्नति गराउन सक्ने गरी सेवा चलाउन सक्छन्। तिनीहरु घर-घरमा भेट्ने गर्दथे। उनीहरुसित संगीतको निम्ति माइक्रोफोन थिएन। प्रेरित २:४६ हेर्नोस् जहाँ इसाईहरुले प्रथम चोटि प्रभुभोज मान्न 'रोटी भाँचेका' थिए।

मण्डलीहरुले कति पटक यसो गर्ने गर्दथे प्रेरित २०:७ बाट पत्ता लाउनोस्।

एक नयाँ मण्डलीको लागि प्रभुभोजको अर्थ खुलाइदिनोस्।

- मत्ती २६:१७-३०
- १ कोरन्थी १०:१६-१७, अनि ११:१७-३४

प्रेरितहरुले कुन प्रकारका सेवाहरु चलाउँथे ?

- ☐ तिनीहरुले घर-घरमा प्रभुभोज दिने गर्थे ।
- ☐ तिनीहरुले अग्लो मञ्च अनि माइकहरु प्रयोग गरी प्रचार गर्दथे ।

उत्तरः छुट्टै संस्कृतिका नयाँ अगुवाहरुले यस प्रकारका तरिकाहरु घरेलु मण्डलीहरुमा अप्नाउन नसक्लान् । तर तिनीहरुले प्रेरित २:४६ मा भनिए जस्तै गरी, प्रेरितहरुले झैं घर-घरमा प्रभुभोज दिन थाले भने चाँडै नै तिनीहरुले आफ्ना मानिसहरुलाई प्रभुमा डोऱ्याउन सक्छन् ।

पाष्टरीय तालीम पुस्तिकाहरुः

१८ प्रभुभोज

१२ घरेलु मण्डली

टिप्पणीहरुः

हिन्दू अनि बुद्धिष्टहरुको माझमा राम्रो परिणाम ल्याएर काम गर्ने मिसनेरीहरुले निम्न तरिकाहरु अप्नाएका छन् ।

तिनीहरुले बाइबलको कथा भनेर नै येशूलाई प्रस्तुत गरे । जब तिनीहरुले बाइबल कथाहरुमार्फत सुसमाचार सुनाए, नयाँ जन्म पाउनेहरुले त्यही तरिका उनीहरुको परिवारहरुलाई उसले सुनेका सत्यताहरु बाँड्न प्रयोगमा ल्याए ।

तिनीहरुले प्रार्थना गरे । येशू ख्रीष्टको प्रेम अनि शक्तिको रुपमा हामी हराएकाहरुको निम्ति प्रार्थना गर्दछौं, अनि बिरामीहरु र भूत लागेकाहरु निको होऊन् भनी प्रार्थना गर्दछौं ।

तिनीहरुले सारा परिवारहरुसित काम गरे, विशेष गरी श्रमिक अनि तल्लो जातका मानिसहरुसित । जब घरका बाबुमार्फत सारा परिवारमा सुसमाचार पुग्छ तब मण्डलीहरु राम्ररी वृद्धि हुनसक्छ ।

तिनीहरुले त्यही जात अथवा जातिका मानिसहरुको झुण्ड अथवा सेलहरु खडा गरे । सेल भन्नाले ठूलो मण्डलीको

मुस्लिमहरुको माझमा जति पनि मण्डली स्थापित भएको र बढिरहेको छ, उनीहरुले अरु नम्र सेवकहरु अनि मानिसहरुलाई सुसमाचार प्रचार गरेका छन् अनि ती व्यक्तिहरुले राजनैतिक दबाव भोग्नु परेको छ ।

हिन्दू र बुद्धिष्टहरुलाई सुसमाचार प्रचार गर्नु

एउटै आर्थिक स्तर, नोकरी गर्ने, परिवारको रुप अनि विश्व दर्शन भएका मानिसहरुलाई प्रभावशाली ढङ्गमा सुसमाचार प्रचार गर्न सजिलो मानिन्छ । मण्डली स्थापना गर्ने व्यक्तिहरुले जब अर्को संस्कृतिमा काम गरिरहेका हुन्छन् तब उनीहरुले सकेसम्म उस्तै पृष्ठभूमिका इसाई सेवकहरु खोजून् जोहरु ती मानिसहरुको बीचमा रही काम गर्नेछन् ।

हिन्दूले सबै कुरामा विश्वास गर्दछ । जब कुनै पनि हिन्दूलाई खीष्टको बारेमा बताइन्छ, उ साधारणतया सहमत भइहाल्छ । उसको निम्ति सबै धर्म साँचो छ । उसले भन्छ, यदि तपाईंले विश्वास गर्नुभयो भने कुनै पनि सिद्धान्त सत्य भइहाल्छ । उसको निम्ति वास्तविकता त मनमा भावात्मक रुपमा मात्र र हेको हुन्छ ।

मि११ नयाँ इसाईहरुलाई चेला बनाउनु होस्, तिनीहरुलाई येशूको आज्ञा पालन गर्न सिकाउनु होस्

लक्ष्य:

नयाँ विश्वासीहरुलाई सबैभन्दा बढी खीष्टका आज्ञाहरु पालन गर्न सिकाउनु ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

येशूका सबै आज्ञाहरु तिनीहरुलाई सिकाएर चेला बनाउनु भन्ने हुकुम हामी मत्ती २८:१८-२० मा दिइएको महान आज्ञामा पाउँदछौं । प्रथम मण्डलीले यसै गरे, प्रेरित २:३७-४७ ।

पाष्टरीय तालीम पुस्तिकाहरु:

८ महान आज्ञा
७ प्रभु येशू खीष्टलाई पछ्याउनु

मि१२ व्यक्तिगत चेलापन तरिकाद्वारा नयाँ अगुवाहरुलाई तालीम दिनु

लक्ष्य:

कार्यक्षेत्रमा जान अघि, उनीहरुले नयाँ क्षेत्रमा के गर्नुपर्ने हो सो सिकून् भनेर मिसनेरी प्रशिक्षकहरुले जान लागेका ती नयाँ अगुवाहरुलाई सानो झुण्डमा भेला गर्दछन् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

नयाँ अगुवाहरुले तिनीहरुको झुण्डहरुलाई पाष्टरी गर्दछन्, मिसनेरीहरुलाई होइनन् । यसरी, मिसनेरीहरुले अरु अगुवाहरुलाई तालीम दिने अनि प्रोत्साहित गर्ने अनुभव बटुल्न सक्छन् । तिनीहरुले तिनीहरुलाई काममा, हरेक १५ दिनमा एक पटक भेटी, तिनीहरुलाई मेन्टर गर्न सक्छन् ।

समस्याहरु बढ्न सक्छन् अनि अगुवाहरुलाई तिनीहरुको समुदाय अनि मण्डलीहरुबाट टाडा लगेर नयाँ क्षेत्रमा तालीम दिनु अति महङ्गो साबित हुनसक्छ । बुद्धिमानी शिक्षकले ता नयाँ अगुवाहरुसित साप्ताहिक अथवा हरेक दुइ सातामा भेटघाट गर्दछन् । यदि टाडामा बस्छन् भने, तपाईंले

- गुप्ती रुपमा बप्तिस्मा दिनोस् । जब सतावटहरु निकै चलिरहेको हुन्छ, यस्तो बेला उसले बप्तिस्मा खुला रुपमा लिने हो कि, अथवा फिलिपियन जेलर र उसको परिवारले जस्तै (प्रेरित १६:२७-३३) गुप्ती रुपमा लिने हो भनी परिवर्तन हुने व्यक्तिलाई नै निर्णय गर्न दिनुपर्छ ।

- कति पटक चाहिँ, अधिकारीहरुले पनि सजिलै हमला गर्न नसक्ने अवस्था बनाउन बप्तिस्मा लिने व्यक्तिहरु अलि धेरै नभईञ्जेल बप्तिस्मा दिने काम ढीलो सम्पन्न गरिन्छ ।

- खीष्टले तपाईंको निम्ति के गरिदिनुभयो, यस बारेमा अनि, खीष्टको जीवन, मृत्यु र पुनरुत्थानको बारेमा साक्षी दिनुहोस् । हामीले येशूको सुसमाचार भन्ने हो, दार्शनिक सिद्धान्तका कुराहरु गर्ने होइन । उदाहरणको लागि, शुरुमा त्रिएक अथवा येशू परमेश्वर हुनुहुन्छ भन्ने कुराहरु नगर्नोस्, जुन कुराहरु मुस्लिमहरुले पूरा रुपमा येशूलाई पछ्याउनेहरु नभइञ्जेल बुझ्नै सक्तैनन् ।

- एक व्यक्तिलाई ध्यान दिनुहोस्, अनि खीष्टप्रति रुची लिनेहरुसित पनि सम्पर्क बढाइरहनोस् ।

- प्रेम गर्नोस् । मिसनेरीहरुले मुस्लिमहरुलाई गहिरो प्रेम गर्दछन्, अनि तिनीहरुको सुसमाचार प्रचार परमेश्वरको प्रेम र अनुग्रहमा आधारित हुन्छ । कति मिसनेरीहरुले ता आफूलाई मुस्लिम (यसका पापहरु बाहेक) संस्कृतिमा ढालिसकेका छन् । जहाँ सुरक्षा छ, त्यहाँ तिनीहरुले इसाई मस्जिदहरु (मुस्लिम मस्जिदहरुकै शैलीमा आराधना गर्ने मण्डली भवन) बनाएका छन् । यसको विपरीत, कतिले चाहिँ मुस्लिम आराधनासित मिल्दोजुल्दो सबै कुराहरु हटाउन सफल बनेका छन् । यी दुवै केसमा, उनीहरुलाई ठूलो प्रेम गर्दै तिनीहरु उनीहरुकै माझमा रहे, अनि नयाँ विश्वासीहरुलाई तिनीहरुको परिवार अनि साथीहरुसित प्रेमको सम्बन्ध विकास गर्न सहयोग गरे, जसद्वारा धेरै सतावट हट्नेछ ।

- बाधा पुऱ्याउने पश्चिमेली चलनहरु हटाऔं । मुस्लिमहरुलाई बाधा पुऱ्याउने इसाई चलनहरु हटाउनु पर्छ । बाधा पुऱ्याउनसक्ने कुराहरुमध्ये केही यस प्रकार का छन्– सुङ्गुरको मासु खाने, मक्कापट्टि पिठ्यूँ फर्काएर घुँडा टेक्ने, आराधनाको बेला चसक्क बिझाउने कोर सहरु गाउने, रमदानको महीनामा प्रार्थना नगर्ने अथवा उपवास नबस्ने । स्त्रीहरु पूरा पहिरणमा हुनुपर्ने अथवा आफूलाई ढाक्नुपर्ने उनीहरुको संस्कृति नै हो । इसाईहरुले स्थानीय संस्कृतिलाई आलोचना गर्न छोड्नु पर्छ तर ख्रीष्टलाई सकारात्मक रुपमा प्रस्तुत गर्नुपर्दछ ।

तिनीहरुलाई हरेक महीना अथवा दुइ महीनामा एक चोटि भेट्न सक्नुहुन्छ । विद्यार्थीको काम हेर्नलाई जब सम्भव हुन्छ शिक्षक आफै जानु झन राम्रो हो । उनीहरुले अनुकरण गर्ने गरी उसले उनीहरुलाई कसरी पाष्टरी गर्नु पर्ने हो सो देखाउन सक्छ । चाँडै उनीहरुले चेलापनको साङ्लोमा आई अरु अगुवाहरुलाई पाष्टरी गर्न र चेला बनाउन थाल्नेछन् (२ तिमोथी २:२)। विशेष शिक्षाको निम्ति हामी ठुलो झुण्डहरुमा पनि भेला हुन सक्छौं ।

पाष्टरीय तालीम पुस्तिकाहरु:

२४ पाष्टरीय अगुवा तालीम अनि तपाई

नयाँ अगुवाहरुलाई चेला बनाउन, शिक्षक अथवा तालीम दिने मिसनेरीले उनीहरुसित दुइ कुराहरु गर्न सक्छन् । पहिलो, येशूले गर्नुभए झैं, उनी तिनीहरुको निम्ति नमूना बन्दछ, अनि उनीहरुले चाहिँ उनलाई हेर्नेछन् (मर्कूस ३:१४)। दोस्रो, सेसनको बेला एक, दुइ अथवा तीन चेलाहरुसित उसले निम्नलिखित पाँच कुराहरु गर्दछन्:

- उसले तिनीहरुको पाष्टरीय सेवकाइ सम्बन्धी प्रतिवेदन सुन्ने छन् (हुन सक्छ यो उनीहरुले आफ्नै परिवारभित्र मात्र गरेको हुनसक्छ ।)

- आउँदा दिनहरुमा तिनीहरुको आफ्नै सेवकाइको निम्ति योजना बनाउन उसले तिनीहरुलाई सहायता गर्दछ ।
- तिनीहरुले के अध्ययन गरे (अथवा पढे), उसले तिनीहरुलाई सुनिदिन्छ ।
- तिनीहरुको योजना अनुसार उसले तिनीहरुलाई नयाँ अध्ययन अथवा पठन सामाग्रीहरु बताइदिन्छ ।
- उसले तिनीहरुसित प्रार्थना गर्दछ ।

नयाँ क्षेत्रमा पाष्टरहरुलाई तालीम दिँदा कुन कुराले सर्वोत्तम परिणामहरु दिनसक्छ ?

☐ तिनीहरुलाई मण्डलीको कोषबाट धेरै खर्च गरेर ईश्वर शास्त्र पढ्न सेमिनारीमा पठाउने ।

☐ पावलले आफ्नो विद्यार्थी तिमोथीलाई गरे झैं तिनीहरुलाई चेलापनको निम्ति तयार पार्ने ।

उत्तरः नयाँ क्षेत्रमा आएको पहिलो वर्षमा नै, नयाँ अगुवाहरुलाई उनीहरुको क्षेत्रबाट निकालेर कहीँ टाडो तालीम दिन पठाउनु त्यति सुहाउँदैन । यसरी गएकाहरु मध्ये थोरै मात्र फर्कन्छ । यसो हुँदा, त्यहाँ पर्याप्त पाष्टरहरु हुँदैनन् । थोरै जना जो फर्कन्छन्, उनीहरुले विदेशी तरिकाहरु लिएर आउँछन् । तिनीहरुलाई त प्रेरितहरुले गरे झैं नयाँ मण्डलीहरुको एल्डरहरुको रुपमा तालीम दिनु अति राम्रो हो । उदाहरणको लागि, तिमोथीले पावललाई उनको सेवकाइ हेर्न

इस्लामले एउटै परमेश्वरमा विश्वास गरे तापनि, ख्रीष्टमा विश्वास गरे हामीले उद्धार पाउँदछौं भन्ने इसाई विश्वासलाई उनीहरुले इन्कार गर्दछन् । मुस्लिमहरुले के विश्वास गर्दछन् भने असल कामद्वारा मुक्ति पाउन सकिन्छ, तर कुनै पक्षवात नगरीकन जसलाई पनि बचाउनसक्ने सम्पूर्ण सामर्थ्य अल्लाहमा निहित छ । येशूमा विश्वास गर्नेहरुले बाहेक, अर बीहरुले तीन हजार वर्षसम्म यहूदीहरुको विरुद्ध लडे अनि उनीहरुलाई दबाए । अरु मुस्लिमहरुको माझमा जस्तै गरी अरबीहरुको माझमा मण्डलीको वृद्धि त्यति भएको देखिन्न ।

मुस्लिमहरुलाई कसरी सुसमाचार सुनाउनु

- स्थानीय संस्कृतिमा आधारित गरेर उनीहरुसित सम्पर्क राखिनु पर्छ । मुस्लिमहरुको माझमा जहाँ मण्डलीहरु बढेका छन्, ती सुसमाचार पाउनेहरु कि त्यही संस्कृतिका थिए, अथवा ठीक त्यस्तै किसिमका संस्कृति भएकाहरु थिए ।

- प्रार्थना गरौं । जहाँ परिवर्तनहरु देखिएका छन्, यो चाहिँ परमेश्वरसित इसाईहरुले गरेको अन्तर्विन्तीको प्रत्यक्ष प्रतिफल हो । तिनीहरुले येशू ख्रीष्टको प्रेम र शक्ति प्रमाणित गर्न बिरामीहरुलाई अनि भूत लागेकाहरुलाई पनि प्रार्थना गरिदिन्छन् ।

४. रमदानको महीनाको बेला दिनभरि उपवास बस्नु ।
५. धर्मको सार भन्नु (अल्लाह बाहेक अर्को ईश्वर छैन, अनि मुहम्मद नै उहाँको अगमवक्ता हो)।

मुस्लिमहरुले छैटौं खाँबो पनि मान्छन्, तर केवल पाँचवटाको बारेमा मात्र बाहिरकाहरुलाई थाहा हुन्छ । छैटौं खाँबो चाहिँ पवित्र युद्ध हो अर्थात अरुहरुलाई आफ्नो मतमा ल्याउने उपाय । इस्लाम अरबीहरुमध्येबाट शुरु भएको हो । यिनीहरु अब्राहामका वंशजहरु हुन्, तर सारा पट्टिको नभएर हागार पट्टिका हुन् । अब्राहामको आश्चर्यमय ढङ्गले जन्मेका खास पुत्र इसहाक हुन् अनि उनको वंशजहरु चाहिँ विश्वास अनि अनुग्रहद्वारा परमेश्वरका करारका सन्तान हुन् । हरेक विश्वासी अब्राहामका आत्मिकी सन्तान हो अनि इसहाककै करारका वंश हुन् । (गलाती ३:६-१९, ४:२१-३१)

तर अब्राहामले, बूढेसकालमा परमेश्वरको प्रतिज्ञाअनुसार सार ाबाट कुनै सन्तान नजन्मिएला भनीकन उसको आफ्नै प्रयासमा जुटे, अनि साराकी दासी हागारलाई विवाह गरी सन्तान जन्माए । त्यही समयदेखि आजसम्म, इश्माएलका सन्तानहरुले चाहिँ असल कामद्वारा परमेश्वरको अनुग्रह खोज्दछन् ।

पछ्याए । पछिबाट, पावलले तिमोथीलाई भेटे अनि उसलाई पत्रहरु पठाए ।

पाष्टरीय चेलाहरुसित भेट्दा तपाईं गर्नुपर्ने पाँच कुराहरु लेख्नु होस्:

_____

_____

उत्तर: प्रार्थना, उसको बगालबारे प्रतिवेदन सुन्ने, उसलाई योजनाहरु बनाउन सहयोग गर्ने, उसले के के अध्ययन गर्दैछ पत्ता लाउने, उसको योजनालाई टेवा दिने खालका अरु अध्ययन सामाग्रीहरु पढ्न दिने ।

पाष्टरीय तालीम पुस्तिकाहरु:

२७ हरेक राष्ट्रमा सुसमाचार पुऱ्याउनु
८ महान आज्ञा
५ प्रभावशाली सुसमाचार प्रचार
२ सर्वोत्तम सन्देश
७ प्रभु येशू ख्रीष्टलाई पछ्याउनु
१२ घरेलु मण्डली

मि१३ हरेक टीम सदस्यको वरदान अनि सीमितताहरु थाहा गरिराख्नु पर्छ

लक्ष्य:

टीमका सदस्यहरुले उनीहरुमा भएका आत्मिकी वरदानहरु प्रयोग गरेर एक अर्कालाई सहयोग गरुन्, अनि टीममा भएको सीमित कुराहरुलाई मानिलिऊन् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

प्रेरितको अर्थ, "पठाइएको व्यक्ति" हो अनि यो मिसनको लागि एक आत्मिकी वरदान हो । बाइबलीय मिसनेरीले येशूको नाउँ घोषणा नभएका ठाउँहरुमा काम गर्न चाहन्छ (रोमी १५:२०-२१)। यो वरदानले हामीलाई कार्यक्षेत्रमा पुऱ्याउँछ । यसमा आत्मसंयम, धीरज अनि अरुको संस्कृतिमा घुलमिल हुनसक्ने क्षमता हुनुपर्दछ । जब हामी कार्यक्षेत्रमा पुग्दछौं, हामी अरु वरदानहरु प्रयोग गर्न चाहन्छौं, जस्तै सुसमाचार प्रचार, शिक्षण, निको पार्ने, बुद्धि, इत्यादि ।

आज्ञाहरु पालन नगर्लान् । धेरैको निम्ति इस्लाम एक सांस्कृतिक धर्म हो ।

इस्लामको पाँच खाँबाहरु

इस्लामका पाँच "खाँबाहरु" हुन्छन् जसबारे बाहिरी दर्शकहरुले पनि जान्नु मिल्ने हुन्छन् जो तल दिइएका छन् । तरै पनि, एउटा छैटौं खाँबो हुन्छ जो भित्रकाहरुको निम्ति मात्र हुन्छ जसलाई जिहाद भनिन्छ । जिहादमा सहभागी हुनै पर्छ अनि यसो गर्नु भनेको तपाईंले जसलाई सक्नुहुन्छ उसलाई जबर्जस्ती भए पनि आफ्नो मतमा ल्याउनलाई पवित्र युद्ध गर्नु हो, अनि विजय हासिल गर्नको निम्ति मर्नु परे पनि पछि नहट्नु । बाहिरका मानिसहरुसित व्यवहार गर्नुपर्ने बढी उदार वादी मुस्लिमहरुले चाहिँ जिहाद भनेको मुस्लिमलाई बढोत्तरी गर्नको निम्ति तपाईंको सम्पत्ति अनि सामर्थ्य प्रयोग गरेर मात्र "बल" गर्नु हो भन्ने अर्थ लाउने गर्छन् ।

१. पवित्र शहर मक्कापट्टि फर्केर दिनमा पाँच पटक प्रार्थना गर्नु ।
२. कम्तिमा एक पटक मक्कामा तीर्थ यात्रा गर्नु ।
३. गरीबलाई दिनहुँ कम्तिमा एक पटक दिनु ।

मि२३ मुस्लिम, हिन्दू अनि बुद्धिस्टहरुसित बुद्धि पुऱ्याएर सेवकाइ गर्नु होला ।

लक्ष्य:

अरु धर्मका मिसनेरीहरुले तिनीहरुलाई प्रेम गर्दछन्, तिनीहरुको संस्कृति (पापबाहेक) लाई आदर गर्दछन्, अनि असल परिणाम भएको सुसमाचारीय तरिकाहरु अप्नाउँछन् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

मुस्लिमहरु

ल्याटिन पृष्ठभूमि भएका मिसनेरीहरुले यसका सांस्कृतिक अनि ऐतिहासिक कारणहरुले गर्दा, मुस्लिम मानिसहरुलाई राम्ररी बुझ्न सक्छन् । साधारणतया, मुस्लिमहरुलाई सुसमाचार प्रचार गर्न हिस्पानिकहरुलाई सजिलो पर्दछ ।

मुस्लिमहरुले इस्लामको पाँच खाँबाहरुलाई गम्भीरतापूर्वक मानिलिन्छन्, हुनता उनीहरुले सब समय यसमा लेखिएका

मिसनको निम्ति वरदानहरु बाहेक, अरु कुन आत्मिकी वर दानहरु मिसनेरी टीमका सदस्यहरुमा हुनु जरुरी छ ? केही बुँदाहरु लेख्नोस्:

_____

उत्तर: त्यो क्षेत्रलाई प्रभुको वचनले भिजाउनको निम्ति, कार्यक्षेत्रको आवश्यकता अनुसार, टीमको लागि हामी सुसमाचार प्रचार गर्ने, अगुवापन, बुद्धि, चङ्गाइ, सहायता गर्ने अनि कृपा देखाउने जस्ता वरदानहरु भएका व्यक्तिहरु खोज्दछौं ।

निम्न पदहरुमा परमेश्वरले दिनुभएका विभिन्न वरदानहरु अनि तिनलाई प्रयोग गर्ने तरिका पत्ता लाउनु होस्:

एफिसी ४:११-१६ _____ रोमी १२ _____

१ कोरन्थी अध्यायहरु १२ र १३ _____

धर्मशास्त्रका यी खण्डहरुमा परमेश्वरले प्रकट गर्नुभएका कुन कुन वरदानहरु तपाईंसँग छन् ?

_____

© Project WorldReach © SEAN

स्थायी र औपचारिक टीमहरुलाई अति जोड दिँदा हुने खतराहरु

सामाजिक खतरा । औपचारिक टीममा अति नजीक सम्बन्ध भएका (आन्द्रा गाँसेका) सदस्यहरु आफ्ना सामाजिक जीवनको निम्ति पनि आफ्नै सहकर्मीहरुमा बढी भर पर्न थाल्नेछन् । यसले गर्दा स्थानीय मानिसहरुसित मित्रता गाँस्न गाह्रो पर्नेछ । यसैकारण, टीमका सदस्यहरु अलग्गै बस्नु पर्छ अनि बेला बेलामा मात्र भेट्नु पर्छ ।

अन्तिम लक्ष्यलाई बिर्सने खतरा: स्थानीय मानिसहरु अनि नयाँ मण्डलीहरुमा सहयोग पुऱ्याउने, अनि मानिसहरुसित अनि विश्वासीहरुसित सम्बन्ध विकास गर्ने काम गर्नुको साटो, टीमसित सम्बन्धित कामहरु मात्र गरिरहनु पर्ने हुन्छ अनि टीमभित्रकै सम्बन्ध ठीक पार्दै ठिक्क हुन्छ ।

सांस्कृतिक खतरा । स्थानीय चलनलाई नजानेर, टीमले तिनीहरुकै विदेशी संस्कृतिमा सभाहरु गरिरहेका हुनसक्छन् । यो भूलले गर्दा धेरै नयाँ क्षेत्रहरुमा कामको ढिलाइ हुनपुग्छ । नयाँ विश्वासीहरुलाई ननिम्त्याईकन, टीमको मात्र आफ्नै सभाहरु अलग्गै राख्नु पर्दछ । जब नयाँ विश्वासीहरु भेला हुन्छन्, तिनीहरुकै भाषा र संस्कृतिले विशेष ठाउँ पाउनु पर्छ । त्यस्तो ठाउँमा विदेशीहरुभन्दा स्थानीय मानिसहरु बढी भेला हुनुपर्छ ।

दुःखको कुरो हो । यसले आत्मिक रुपमा एक बालकलाई शुद्ध भएर भित्र आउनको लागि बाहिरको चिसोमा राखिएको जस्तो बुझिन्छ । केही वैध कारणहरु पनि छन् जसको कारण बप्तिस्मा ढीलो हुनसक्छ । उदाहरणको लागि, यसबारे राम्ररी बुझाउनु, सारा परिवारलाई विश्वासमा ल्याउनु, अथवा सतावटबाट बँच्नको लागि अरु धेरैसँग मिलेर एकसाथ बप्तिस्मा लिनु ।

एउटा उदाहरण: दुइ मतवालाहरुले खीष्टलाई ग्रहण गरे । पहिलोले मात्नु छोडिहाल्छ कि हेर्नको निम्ति उसको बप्तिस्मा भएको छैन । दोस्रोको चाहिँ पवित्र आत्मा उसमा काम गरि हाल्नु हुनेछ भन्ने भरोसा गरेर बप्तिस्मा भयो । अर्को दिन भोज थियो अनि दुवैले पिए । पाष्टरले पहिलोलाई भेटघाट गर्छ तर उ लुक्छ । डरलाग्दो घोडाजस्तै भएर उ संसारतिर फर्कन्छ । तर बप्तिस्मा लिएको व्यक्तिलाई पाष्टरले नम्र, सहायताको निम्ति पुकारा गरेका अनि प्रार्थना मागेको देख्नुभयो । दुवैले पिए तर दोस्रो व्यक्ति चाहिँ पिएको विश्वासी थियो ! उनी चाहिँ मण्डलीको अधिकार, अनुशासन अनि अनुग्रहमा थियो, जुन कुरा परमेश्वरले उसको सुधारको निम्ति चलाउनु भयो । उसको पापको सुधार अनुग्रह र शक्तिमा भएको थियो, व्यवस्थाअनुसार होइन ।

पाष्टरीय तालीम पुस्तिकाहरु:

१ नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु

मि२२ बप्तिस्माद्वारा पश्चातापलाई सुनिश्चित पार्नोस्

लक्ष्य:

बप्तिस्माद्वारा पश्चातापलाई सुनिश्चित पार्नोस् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

प्रेरितको पुस्तकमा, बप्तिस्माद्वारा अन्यजातिहरुको अनि यहूदीहरुको परिवर्तनलाई प्रेरितहरुले सुनिश्चित पारे । (प्रेरित २:३८-४१, ८:१२, ९:१७-१८, १०:४७, १६:१५, ३३ अनि १८:८)

सिद्धान्तको कोर्स सिकाएर दीक्षान्त जस्तो गरी, अथवा लामो पर ीक्षणकाल सकुञ्जेल पर्खाएर ढीलो गरी बप्तिस्मा दिँदा विश्वासीहरु निरुत्साहित बन्छन् । नयाँ विश्वासीहरुलाई परमेश्वरका जनहरुद्वारा प्रेमभावमा स्वागत नगरेर, नयाँ मिसनेरीज्यू त नयाँ विश्वासीको पापबारे चिन्तित पो बनिरहन्छ ।

केही धार्मिक विधिको कारण, अथवा बप्तिस्माबारे बाइबलमा नपाइएका कुराहरुमा जोड दिनाले बप्तिस्मा ढिलाइ हुन जानु

मि१४ जुन क्षेत्रमा सुसमाचार पुऱ्याउन चाहनुहुन्छ, त्यहाँकै संस्कृतिसित परिचित सेवकहरु खोज्नु होस् ।

लक्ष्य:

यदि अति भिन्दै संस्कृति भएको क्षेत्रमा जाँदै हुनुहुन्छ भने, टीमसित मिलेर सुसमाचार प्रचारको निम्ति, त्यही संस्कृतिको अथवा त्यसैको बराबरको मानिसलाई भेट्नु होस् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

उही संस्कृतिका मानिसहरुले राम्ररी सुसमाचार प्रचार गर्न सक्छन् । कोही एक छुट्टै संस्कृतिबाट, अनि अति भिन्न आर्थिक तथा शैक्षिक स्तरबाट आएका मानिसहरुले खीष्टको निम्ति सम्पूर्ण परिवारलाई जित्नै सक्तैन ।

तिनीहरुले ता जवानहरुलाई मात्र प्रभुमा जित्न सक्छन् । तब स्थानीय संस्कृतिसित मण्डलीको राम्रो सम्बन्ध हुनसक्तैन अनि इसाई विश्वास विदेशी लाग्न सक्छ ।

एक गम्भीर व्यक्तिले उसकै संस्कृतिको मान्छेबाट मात्र खीष्टलाई ग्रहण गर्ने काम गर्दछ। तर परिवर्तन पश्चात त, कसैले पनि, भिन्नै संस्कृतिबाट आएको व्यक्तिले पनि, उसलाई गुप्ती रुपमा सजिलै चेला बनाउन सक्छ।

टिप्पणीहरु:

कसरी उद्धारले काम गर्छ भन्ने जानेर होइन, तर येशूसित मरेर अनि व्युँतिएर पश्चाताप गर्न हामी मानिसहरुलाई आव्हान गर्दछौं। नयाँ विश्वासीहरुले पनि खीष्टको निम्ति साक्षी बन्ने यो उपाय अप्नाउन सक्छ, किनभने हरेकले कथा भन्न सक्छ।

लूका २४:४४-४९ पढ्नोस्। पद ४६-४८ मा भएका कुन चार विशेष कुराहरु हामीले सबै मानिसहरुलाई भन्नै पर्छ ?

१ कोरन्थी १५:१-८ मा सुसन्देशको कुन भागलाई पावलले अति बढी जोड दिएका थिए ?

प्रेरित २:२९-४१, अनि प्रेरित १०:३४-४३ अनुसार, सुसमाचार को कुन तत्त्वलाई पत्रुसले जोड दिए ?

© Project WorldReach © SEAN

प्रेरितहरुले इसाई विश्वासलाई कुनै दर्शन अथवा क्रमवद्ध ईश्वरशास्त्रको रुपमा होइन, तर ऐतिहासिक घट्नाहरुको रुपमा लिए। तिनीहरुले १ कोरन्थी १५:१-५ मा भनिएको जस्तै गरी येशूको जीवन, मृत्यु, पुनरुत्थान अनि देखा पर्नु भएको बारेमा प्रचार गरे, अनि प्रेरितमा प्रेरितहरुले घोषणा गरेका कुराहरु गरे। "मुक्तिको योजना" बुझेर होइन, तर जब तिनीहरुले नानीहरुले जस्तै गरी पश्चाताप गरे, पवित्र आत्माले मानिसहरुलाई कायल पारे। जब तिनीहरुले पुनरुत्थानको सन्देश सुने तब तिनीहरुले पश्चाताप गरे।

एक व्यक्तिगत, पवित्र अनि सर्वशक्तिमान परमेश्वर नपुज्ने मानिसहरु भएका संस्कृतिमा पनि, हामीले पुरानो करारका घट्नाहरुलाई सम्बन्धित तुल्याइदिन्छौं जसले तिनीहरुलाई यी आधारभूत सत्यताहरु दिन्छन्। भावात्मक सिद्धान्तहरु सिकाउनु भन्दा पहिले, हामीले ऐतिहासिक आधारहरु स्थापित गर्न यी महान बाइबलीय घट्नाहरुबारे बताउनु पर्छ। संसार को सृष्टि अनि लाल समुद्र तरेको कुराले परमेश्वरको शक्तिलाई देखाउँछ। जलप्रलयले उहाँ पवित्र हुनुहुन्छ भन्ने कुरो बुझाउँछ। एलिया र कार्मेल डाँडामा बालका अगमवक्ताहरुबीचको संघर्षले परमेश्वर एक हुनुहुन्छ भन्ने बुझाउँछ।

मि१५ निषेधित क्षेत्रहरुमा कुनै पेशा अप्नाएर सेवा पुऱ्याउने काम गर्नेहरु

लक्ष्य:

कुनै पनि इसाई सेवकहरुलाई पूर्ण समय मिसनेरी कार्य गर्न सरकारद्वारा निषेधित गरिएका क्षेत्रहरुमा कुनै पेशा अप्नाएर सेवा पुऱ्याउने काम गरियोस्। पेशेवार मिसनेरीले बाहिरी नोकरी गर्दछ अनि गुप्ती रुपमा मिसनको कार्य गर्दछ।

☐ योजना गरिएको।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

सरकारले मनाही गरेको क्षेत्रमा सुसमाचार प्रचार गर्ने लक्ष्य लिएको मिसनेरीले सरकारद्वारा अनुमति दिएको नोकरी तथा व्यवसाय अप्नाउनु पर्दछ। यस्ता व्यक्तिहरुले आफूले काम गरेको ठाउँमा नै खीष्टको बारेमा बताउने गरेका छन्।

सम्भावनाहरु पत्ता लाउनको निम्ति, चीन, कम्बोडिया, मुस्लिम राष्ट्रहरु, भारतका विभिन्न प्रान्तहरुमा यसरी काम गर्ने व्यापारी अथवा अरुहरुबाट जानकारीहरु लिनोस्। यी संस्कृतिहरु

हाम्रोभन्दा निकै भिन्दै हुने भएको कारण, भिन्दै संस्कृतिबाट आएका सहकर्मीहरुलाई पूरा जानकारी दिइनु पर्दछ ।

लगभग २०० वर्षअघि मोराभियन चर्चले प्रथम इभान्जलिकल मिसनेरीहरु पठाएका थिए । तिनीहरुले मिसनलाई सपोर्ट गर्नको निम्ति बलिदानपूर्वक दिए । तरै पनि, उनीहरुको दर्शन यति ठूलो थियो कि उनीहरुको भेटीहरु प्रशस्त भएन । पेशेवार सेवकहरुले उनीहरुको मिसन काममा सहयोग पुऱ्याउन व्यवसाय, सिउने कारखाना, घडी बनाउने अनि रोटी बनाउने काममा आर्थिक लगानी गरे ।

इसाई व्यापारीहरु मिसन टीमको एक भाग हुनसक्छन् । यदि तपाईंको मण्डलीले समुद्रपार व्यवसाय शुरु गर्न चाहन्छ भने, शुरु गर्नको निम्ति तपाईंको मण्डलीले कोसित साझेदारी गर्न सक्ला ?

पेशेवार मिसनेरीहरु पावल र अपोल्लोसलाई उनीहरुको सेवकाइमा सहयोग गर्न अनि नयाँ मण्डलीहरु स्थापित गर्न अक्विला र प्रिस्किलाले के कस्ता सहयोग गरे, पत्तो लगाऔं ।

मि२१ नयाँ विश्वासीहरुले अनुकरण गर्नसक्ने गरी सुसमाचार प्रचार गर्नोस् ।

लक्ष्य:

मिसनेरीले बाइबल कथाहरुलाई खीष्टबारे बुझाउनको निम्ति अनि सर्वशक्तिमान, पवित्र परमेश्वर, जसले उहाँको विरुद्धमा विद्रोह गर्नेहरुलाई सजाय दिनुहुन्छ, पापीहरुलाई क्षमा दिनुहुन्छ, प्रार्थना सुन्नुहुन्छ, निको पार्नु, मूर्तिपूजालाई घृणा गर्नुहुन्छ अनि आफ्ना प्रतिज्ञाहरु पूरा गर्नुहुन्छ, जस्ता परमेश्वर बारे सिद्धान्तको जग बसाल्नको लागि प्रयोग गर्न सक्छन् ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

प्रेरितहरुले गरे जस्तै गरी हामीले पनि सुसमाचारका ऐतिहासिक घट्नाहरुलाई उनीहरुसित सम्बन्धित पारिदिनु पर्छ । प्रेरितहरुले मात्र सुसन्देश बताए । हामीले ईश्वर शास्त्रीय सिद्धान्तहरुबाट शुरु गर्नु हुँदैन । ती ता पछि आउने कुराहरु हुन् ।

फेबियोको मृत्युले मलाई प्रेममा सुसमाचार प्रचार गर्ने, अनि आफन्तहरु अनि मित्रहरुबीचको भरोसाबारे सिकायो । त्यसपछि, नयाँ विश्वासीहरुलाई उनीहरुको परिवार र मित्रहरुबाट अलग गर्नुको साटो, शुरुदेखि तिनीहरुलाई प्रेम गर्न र क्षमा दिन सिकाएँ जसरी परमेश्वरले तिनीहरुलाई प्रेम गर्नुभयो अनि खीष्टमा क्षमा गर्नुभयो ।

एक ठाउँमा जहाँ स्थिति हाम्रो नियन्त्रणमा थिए त्यहाँ अनुमति मागेर हामीले कतिपय परिवारका पिताहरुलाई सुसमाचार सुनाउने काम गर्‍यौं । हामीले के थाहा पायौं भने, यसरी चाहिँ मानिसहरु अनि मण्डलीहरुमा पवित्र आत्माको ठूलो शक्तिले काम गर्नुहुन्छ अनि मण्डलीहरुको वृद्धि हुन जान्छ । हिँस्रक सतावट रोकियो अनि आफन्तहरु अनि मित्रहरुको बीचमा सुसमाचार नदीझैं बग्न थाल्यो ।"

परिवारहरुद्वारा सुसमाचार प्रचार गर्ने तपाईंको योजनालाई अनि कसरी नयाँ विश्वासीहरुले तिनीहरुको परिवारसित सम्बन्ध बनाइराख्न सक्छन् त्यसबारे विशेष ध्यान दिनु होस् ।

हेर्नोस्:

- प्रेरित १८:१-४ अनि २४-२८
- रोमी १६:३-५
- १ कोरन्थी १६:१९

पावललाई सहयोग गर्नको निम्ति अक्विला र प्रिस्किलाले के गरे ?

अपोल्लसलाई सहयोग गर्नको निम्ति अक्विला र प्रिस्किलाले के गरे ?

पेशेवार मिसनेरीहरुको निम्ति तपाईंको मण्डलीको योजना के छ, टिप्पणी लेख्नोस्:

© Project WorldReach © SEAN

मिसनेरी म्यानुएलको यो भागको लेखकले यो नमूना पेश गर्दछ:

“मेरो सेवकाइद्वारा प्रभुलाई ग्रहण गर्ने व्यक्ति फेबियो हो । उसका आफन्तहरु अनि मित्रहरुको खराब प्रभावदेखि म चिन्तित थिएँ, अनि उनीहरुले उसलाई फेरि संसारमा नै फर्काएर लैजालान् भनेर मैले चेताउनी पनि दिएँ । फेबियो खतरा स्थितिमा भएको महसुस गरेर मैले उसलाई अरु इसाईहरुसितको सम्बन्धमा मात्र राख्ने प्रयास गरें । मैले उसलाई उसको परिवार अनि मित्रहरुको सम्पर्कबाट जोगाउन चाहन्थें अनि उसलाई पूर्णतया इसाई वातावरमा सुरक्षित र ाख्न चाहन्थें ।

उसको बप्तिस्मा भएको दुइ दिन पछि, उसका पहिलेका साथीहरुले उसको घर फोरेर उसलाई मारिदिए । अब, मैले फेबियोसित येशूको कुन आज्ञा तोडें, जसको फलस्वरुप उसको मृत्यु भयो ? मैले त्यसबेला त महसुस गर्न सकिनँ, तर मैले प्रेमको आज्ञा तोडेको थिएँ । येशू ख्रीष्टले मलाई उहाँको आज्ञा पालन गर्ने आज्ञाकारी चेलाहरु बनाउने आज्ञा दिनु भएको थियो । यीमध्ये सबैभन्दा मुख्य परमेश्वरप्रतिको प्रेम अनि मानिसहरुप्रतिको प्रेम थियो ।

© Project WorldReach © SEAN

मि२० सारा परिवारहरु अनि समुदायहरुसित व्यवहार गर्नोस् ।

लक्ष्य:

मिसनेरीले सारा परिवारलाई सुसमाचार सुनाओस्, विशेष गरी परिवारको बाबुद्वारा, अनि सारा समुदायका अगुवाहरुलाई आदर गरुन् ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

हामी मानव अभियान चाहन्छौं जसमा सुसमाचार स्वत: एक परिवारबाट अर्कोमा, एक मित्रबाट अर्कोमा बगेर जाओस् । यो हासिल गर्न, हामीलाई अनुमति दिइएका घरहरुमा हामी खीष्टको सुसमाचार प्रचार गर्दछौं । जसरी पत्रुसले कर्नेलियसको घरमा गरे, त्यसरी नै एक मिसनेरीले पनि सुसमाचार सुन्न तयार भएको बाबुलाई सुनाउनु पर्छ । कतिपय मिसनेरीहरुले शायद कर्नेलियसलाई सभा भएको घर मा निमन्त्रणा दिन्थे होलान्, अनि अरु इसाईहरुले आफूहरु सुर क्षित अनि नियन्त्रणमा भएको महसुस गर्थे होलान् । अरु उदाहरणहरु, पावल र सिलास फिलिप्पीको जेलरको अथवा लिडियाको घरमा, अथवा येशू लेवी अथवा जक्कैको घरमा ।

भाग ३

अर्को संस्कृति र यसका मानिसहरुलाई हामी प्रेमसाथ ग्रहण गर्दछौं ।

© Project WorldReach © SEAN

मि१६ मानिसहरु अनि तिनीहरुको संस्कृतिको निम्ति प्रेमिलो आदर देखाउनु होस् ।

लक्ष्य:

मिसनेरीहरु स्थानीय मानिसहरुको बीचमा जिउनु पर्छ अनि तिनीहरुको जीवन शैली र संस्कृतिलाई प्रशंसा गर्नुपर्छ । तिनीहरु आफ्नै विदेशी समुदायभित्र सीमित रहनुहुन्न ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

जब हामी अर्को संस्कृतिमा प्रवेश गर्दछौं, हामीले येशूको नमूना अनि उहाँको अवतारलाई अनुकरण गर्दछौं । जब परमेश्वरले आफूलाई हामीकहाँ प्रकट गर्न चाहनु भयो, उहाँले येशूको रुपमा मानव बनी हामीसित बातचीत गर्नुभयो । उहाँले आफ्नो ईश्वरीय महिमालाई पछाडि छोड्नुभयो, अनि हामी पापीहरुको माझमा हिँड्नुभयो । उहाँ आफ्ना मातापिताको अधीनमा रहनुभयो, अनि तिनीहरुबाट अनि व्यवस्थाका शिक्षकहरुबाट सिक्नुभयो । (लूका २:४६-५१)

इन्डोनेशियामा एउटा जनजातिको मुखियाले आफ्नो जेठो छोरो अर्को जनजातिको मुखियालाई उसको धर्मपुत्रको रुपमा पाल्न दिएर युद्धलाई रोक्दथे । यो बालकको जीवनकालभरि यी दुई जनजातिहरुमाझ शान्ति छाउँथे । हामीलाई उहाँमा मिलाप गराउनको निम्ति परमेश्वरले खीष्टलाई शान्ति बालकको रुपमा दिनुभयो भनी मिसनेरीहरुले प्रस्तुत गरे । तिनीहरुले सुसमाचार ग्रहण गरे किनकि यो तिनीहरुको संस्कृतिसित सम्बन्धित थियो ।

मानिसहरुले पहिल्यैबाट जानेका कुराहरुलाई हामी सुसमाचार को निम्ति साँघुको रुपमा लिन्छौं । उदाहरणको लागि, मुस्लिमहरुले विश्वास गर्दछन् कि परमेश्वर एउटै हुनुहुन्छ, अनि खीष्ट उहाँको अगमवक्ता हुनुहुन्छ जो फर्केर आउनुभई यस पृथ्वीमा राज गर्नुहुनेछ । तिनीहरुले पनि पापको लागि पशु बलि चढाउँछन् । गरिल्याएको यो विश्वासमार्फत खीष्टको निम्ति बोल्नलाई ढोका खोलिन सक्छ ।

पाष्टरीय तालीम पुस्तिकाहरु:

३७ मण्डली स्थापनाबारे निर्देशिका

संस्कृतिलाई ग्रहण नगरेर अरु नै क्रियाकलाप गर्ने दर्शन पूरा गरिरहेका हुन्छन् । यी तिनै पूर्वाग्रह हुन् जसमाथि विजय हासिल गर्न परमेश्वरले पत्रुसलाई सहायता गर्नुभयो । (प्रेरित १०, गलाती २:११-१४)

एक नयाँ क्षेत्रमा कस्ता प्रकारका मानिसहरुद्वारा हामी काम गर्न सक्छौं ?

हामी परमेश्वरले लिनुभएको सुसमाचारका उदाहरणहरु लिन सक्छौं, जस्तो कि कुनै संस्कृतिमा उम्रन लागेको बिऊ । सुसमाचार मानिसहरुको लागि सुसन्देश हो, तर तिनीहरुको संस्कृतिको आलोचना होइन । येशूले प्राय जसो चलाइने थोकहरुलाई नै लिएर परमेश्वरको राज्यको बारेमा सिकाउनु भयो । गोठालाहरुसित उहाँले असल गोठालाको बारेमा बोल्नु भयो । खेतीवालाहरुसित उहाँले बिऊ छर्नेको कुरा गर्नुभयो । येशूको कुनै सुसमाचार बुझाउन पावलले स्थानीय चलनलाई आलोचना विना ग्रहण गरेका थिए (प्रेरित १७:२२-२३)।

मानिसहरुको प्रेमको निम्ति, हामीले तिनीहरुको संस्कृतिलाई स्वीकार्नु पर्दछ । हामी यो काम येशूले जस्तै बालकहरु जस्तै भएर गर्नेछौं । बढो नम्रतापूर्वक हामी भाषा र तिनीहरुको जीवन शैली सिक्नेछौं । जब हामीले मानिसहरुको भाषा र संस्कृतिलाई राम्ररी सिक्नेछौं, अनि उनीहरुले हामीलाई सुधार्नु खोज्दा रिसाएनौ भने, मानिसहरु खुशी हुनेछन् । गालीलमा र हेर यसरी नै तयारी हुनको लागि येशूले ३० वर्ष बिताउनु भयो ।

मानिसहरुको चलनलाई बुद्धिमानी मिसनेरीले दोष्याउँदैन । उसले उनीहरुलाई परमेश्वरको वचन सिकाउँछ अनि परमेश्वरको आत्माले तिनीहरुको पापलाई कायल पार्नुहुन्छ (यूहन्ना १६:८)। हाम्रो संघर्ष संस्कृतिको विरुद्ध होइन तर दुष्ट आत्मिकी शक्तिहरुको विरुद्ध हो । (एफिसी ६:११-१२)

हरेक संस्कृति भिन्न हुन्छ । हाम्रो चाहिँ राम्रो होइन, तर भिन्न मात्र हो । कतिपय संस्कृति अनुसार, परिवारदेखि बाहिर स्त्री जातिले पुरुषहरुसित बोल्दैनन् । कतिपय ठाउँमा, बाबुआमाले बुहारी चुन्छन् । भारतमा पाहुनालाई विशेष सत्कार गरिन्छ । यदि तपाईंले उनीहरुको घरमा के तपाईंले

खीष्टलाई ग्रहण गर्न चाहनुहुन्छ भनी सोध्नु भयो भने, तिनीहरुले तपाईंलाई दुखित नपार्न 'चाहन्छु' भन्दछन् । तिनीहरुको निम्ति यो झूट होइन, तर असल व्यवहार हो । कतिपय जन-जातिहरुमा व्यक्तिगत सम्पत्ति भन्ने हुँदैन । कसैको केही लैजानु, चोरी हुँदैन, किनभने हरेक थोक सबैको हो ।

प्रभु येशू खीष्ट एक अन्तर-सांस्कृतिक मिसनेरी हुनुहुन्थ्यो । उहाँ महिमाबाट आउनुभयो, एक यहूदी परिवारमा जन्मनु भयो, तिनीहरुको खाना खानुभयो, तिनीहरुको संस्कृतिलाई आदर गर्नुभयो, अनि तिनीहरुको रिवाजलाई मान्नुभयो । त्यसरी नै हामीहरु पनि, आफूलाई ठूलो नठानी, सबै जान्ने शिक्षक हुँ भन्ने प्रकारले होइन, तर सिकारु भएर मानिसहरुसित रहनुपर्दछ । नयाँ ठाउँमा आउँदा, नानीहरु जस्तै भएर हामीले सुन्नुपर्दछ । त्यसरी, मानिसहरुले के सोच्दछन्, अनि कसरी उनीहरुको भाषा सिक्नु पर्ने हो, ती कुरा हामीले अझ राम्ररी सिक्न सक्दछौं ।

जुन मिसनेरीहरु मानिसहरुबाट टाडिएर मिसन कम्पाउण्डभित्र आफैहरुभित्र सीमित रहन्छन्, उनीहरुबाट स्थानीय संस्कृति सुहाउँदो मण्डली स्थापित गर्न गाह्रै पर्छ । येशूले गर्नु भए

येशूले पनि गरीबहरुलाई नै सुसमाचार प्रचार गर्नुभयो (लूका ४:१८)। उहाँले रोम अथवा यरुशलेममा भएका धनी अनि शक्तिशालीहरुको माझमा सुसमाचार प्रचार शुरु गर्नुभएन, तर गालीलमा भएका नम्र मछुवाहरुबाट शुरु गर्नुभयो । यदि उहाँले यरुशलेमबाट शुरु गर्नुभएको भए, समयभन्दा धेरै अघि उहाँलाई क्रूसमा टाँगिने काम हुनेथ्यो ।

परमेश्वरको शक्तिमा मण्डलीहरु उत्पादन गर्नको लागि खीष्टको निम्ति मानव अभियान चाहिन्छ जो साधारणतया श्रमिकवर्गबाट नै शुरु हुन्छ, धनी अथवा शिक्षितहरुबाट होइन । एउटा धनी मानिसलाई परमेश्वरको राज्यमा छिर्नुभन्दा बरु एउटा ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ भनी येशूले भन्नुभयो । (मर्कूस १०:२५ लाई १ कोरन्थी १:१८-३१ सित तुलना गर्नोस्)

जब मानिसहरुले सुसमाचारप्रति रुची लिँदैनन्, हामीले रुची लिनेहरु खोज्नु पर्दछ (लूका १०:३-१३)। कति पटक मानिसहरु अति कठोर छन् भनी मिसनेरीहरुले उजुरी गर्दछन्, तर वास्तविकता चाहिँ के हुन्छ भने उसले नै सुसमाचार प्रचारको तरिकामा स्थानीय संस्कृतिलाई लिन मान्दैन । उसले आफ्नै देशमा जस्तै गरी गर्न चाहन्छ । कति जनाले चाहिँ स्थानीय

मि१९ खीष्टप्रति रुची लिने मानिसहरु खोज्नोस् ।

लक्ष्य:

सुसमाचारमा रुची लिने मानिसहरुको खोजी गर्नु ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

मण्डलीहरु नभएको क्षेत्रमा, श्रमिकवर्गले बढी रुची लिन्छन् । गरीबी अथवा राजनैतिक थिचोमिचोमा परेकाहरु, जसले असल जीवन खोजिरहेका हुन्छन्, उनीहरु सुसमाचारप्रति बढी खुल्ला हुन्छन् । कति मिसनेरीहरुले नौलो जग्गामा पनि प्रमुख व्यक्तिहरुकहाँ प्रवेश गर्दछन् अनि मध्यम वर्गीहरुलाई मात्र सुसमाचार सुनाउँछन् । ऐतिहासिक मूल्याङ्कनमा, यस्तो तरिका अप्नाउँदा साह्रै सफल नभएको नै बुझिन्छ । पछिबाट, मण्डली स्थापना भएको धेरै वर्ष बितेपछि, दोस्रो पुस्ताका इसाईहरु मध्यम वर्गमा पुग्छन् अनि परिस्थितिमा परिवर्तन आउँछ । मध्यम वर्गीयहरुलाई सुसमाचार सुनाउन सजिलो हुन्छ जस्तो कि मेक्सिको नगर जहाँ इभान्जलिकलहरुको दुइ वा तीन पुस्ता भइसकेको छ ।

भैं, तिनीहरुले मानिसहरुसित सम्पर्क राखेका हुँदैनन् । जसोतसो मिसन कम्पाउण्डभित्र स्थापित भएको तिनीहरुको मण्डलीले पनि त्यस संस्कृतिभित्र अरु नयाँ आत्मा जित्ने अथवा मण्डली स्थापना गर्ने काम गर्न सकिरहेको हुँदैन, किनकि कम्पाउण्डबाहिरका मानिसहरुले उनीहरुको र हनसहनद्वारा उनीहरुलाई विदेशी धर्म अप्नाउनेको रुपमा हेर्नु पर्ने वाध्यता सिर्जिएको हुन्छ । तर, जुन ठाउँमा नयाँ विश्वासीहरुलाई मारिन्छ अथवा उनीहरुले नोकरी गुमाउँछन्, त्यस्तो बेला उनीहरुलाई, केही समयको निम्ति, एक सुरक्षित घर अथवा कामको जरुरत पर्दछ ।

कुनै पनि संस्कृतिलाई स्वीकार गर्नको निम्ति प्रेमले नै विशेष भूमिका खेल्दछ

मानिसहरुलाई प्रेम गर्नको निम्ति हामीले विभिन्न संस्कृति अप्नाउन सक्छौं, जसरी रुथले नाओमीको संस्कृतिलाई अप्नाइन् (रुथ १)। १ कोरन्थी ९:१९-२२ मा पावलले भनेका छन्: "यहूदीहरुलाई जितूँ भनेर यहूदीहरुको निम्ति म यहूदीजस्तै बनें । दुर्बलहरुलाई जितूँ भनेर दुर्बलहरुको निम्ति म दुर्बल बनें । सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें ।"

"तिमीहरुमा यो मन होस्, जो खीष्ट येशूमा पनि थियो। पर मेश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रि त्याईकन कमाराको रुप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। स्वरुपमा मानिसजस्तै भएर आफैलाई होंच्याउनुभयो।" (फिलिप्पी २:५-७)

हामीले बढो सतर्क भएर केवल येशू खीष्टको सन्देश मात्र दिनुपर्दछ। १ कोरन्थी २:१-५ मा पावलले भनेका छन् कि उनी कुनै ज्ञानका कुराहरु होइन, तर खीष्टको मृत्यु अनि पुनरुत्थान मात्र बोल्नलाई आएका थिए। उनले उनीहरुको संस्कृतिप्रति कुनै घृणा जनाएनन्। अरुको जीवन शैली ग्रहण गर्नु गाह्रो छ। परमेश्वरले पत्रुसलाई उसले अशुद्ध ठानेको कुरो खानलाई तीन पटक भन्नुभएको थियो। अन्तमा पत्रुसले अर्कै संस्कृतिका मानिसहरुलाई खीष्टमा भाइको रुपमा ग्रहण गरे। (प्रेरित १०)

हरेक संस्कृतिमा हामीलाई गलत लाग्ने कुरा हामीले पाउनेछौं। साउदी अरबीयामा उनीहरुले बङ्गुरको मासु खाँदैनन्। भारतमा बीफ खाँदैनन्। इटालीमा इभान्जलिकल मण्डलीका विश्वासीहरुले खानाको बेला अलिकति मद्य

भाग ४

मानिसहरुले सुसमाचार प्रति रुची लिन थाल्छन्

© Project WorldReach © SEAN

पिउँछन् । इस्राएलमा नाँच्नु पारिवारिक मनोरञ्जन हो । इर
ानमा स्त्रीहरुले पर्दाद्वारा उनीहरुको मुहार ढाक्छन् । यदि
हामीले यी सबको आलोचना गरिबस्यौं भने कसैले पनि
हामीलाई सुन्नेछैनन् ।

तलका प्रश्नहरुले हामीलाई संस्कृतिबारे केही बुझ्न सहायता गर्दछ:

- देशको निम्ति सबैभन्दा पवित्र अथवा प्रमुख विदाको दिन कुन हो ? तिनीहरुले कसरी मनाउँछन् ?

- इसाईहरुसित मिल्दोजुल्दो कतिपय चलनहरुलाई पत्ता लगाऔं जुन चलन पालन गर्दा हामीले मूर्तिपुजक अनि मतवाली रीतिरिवाज मान्नुको साटो पुराना चलनलाई मानेको पनि ठहर्दछ ?

- उनीहरुले अरु विशेष अवसरहरुलाई (विवाह, जन्मदिन, जन्मेको बेला, तरुण हुँदा, दफन, उपहारहरु दिँदा अनि लिँदा) कसरी मनाउँछन् ?

- कुनै पनि शिक्षकले शिक्षा दिँदा उभिन्छ कि, चौकीमा बस्छ कि, भुइँमा बस्छ ?

© Project WorldReach © SEAN

- कसलाई सबभन्दा बढी आदर गरिन्छ ? बूढाबूढीहरुलाई ? व्यापारीहरुलाई ? कसलाई चाहिँ आदर गरिन्न ?

- तिनीहरुले व्यवसायको लागि कहाँ भेट्ने गर्दछन् ? के लोग्ने मानिसहरु मात्र भेला हुन्छन् ?

- त्यो क्षेत्रमा कस्ता सामाजिक विभाजनहरु पाइन्छन् ? के अर्को संस्कृतिका मानिसहरु अलि टाडै बस्छन् ता ?

मानिसहरुसित सम्बन्धित हुने कदमहरु:

१. मिसनेरीहरुले शुरुदेखि नै स्थानीय मानिसहरुसित बस्नु पर्दछ, अनि आफ्ना देशका मानिसहरुसित होइन ।

२. शुरु शुरुमा कुनै स्थानीय परिवारसित मिलेर बस्ने व्यवस्था मिलाउनोस् ।

३. भाषा सिक्दा चाहिँ, शुरुको दिनदेखि नै उनीहरुकै भाषामा धेरैभन्दा धेरै मानिसहरुलाई अभिवादन गर्नोस्, अनि तपाईंले दुइ चार वाक्यहरु मात्र भए पनि, तिनीहरुसित दिनहुँ बोलिरहनोस् ।

मि१८ भाषा राम्ररी सिक्नोस्

लक्ष्य:

बढी जोड नदिईकन, मानिसहरुले घरमा बोल्ने भाषा सिक्नु ।

☐ योजना गरिएको ।

☐ अभ्यास पूरा गरिएको (मिति): _____

भाषा सिक्नु भनेको शब्दहरुको सूची कन्ठ पार्नु मात्र होइन अथवा यसबारे लेखिएका किताब पढ्नु मात्र होइन । शुरुमा तपाईंको भाषामा नभएका आवाज र बोलीलाई सुन्ने अनि उच्चारण गर्न सिक्ने । जब तपाईं कुनै नौलो चराले गाएको सुन्नुहुन्छ, यसको गीतले तपाईंलाई केही भन्दैन । तर जब एउटा भाले बास्दछ तब हामी जान्दछौं कि अँ यो भाले हो किनकि यसको चिरपरिचित सोर सुनिरहेका छौं, अनि यसले बिहान भएको संकेत दिइरहेको अर्थ व्याख्या गर्न सक्छौं । यसैकारण सिक्ने सर्वोत्तम उपाय चाहिँ मानिसहरुसित बातचीत गर्नु नै हो, अनि सुन्नु र ती नौला वाक्यहरु कुनै सहयोगीको सहायतामा दोहोऱ्याउनु हो ।

भाषा सिक्ने तरिकाबारे जान्नको लागि यो म्यानुएलको अन्तमा "अर्को भाषा कसरी सिक्नु" नामक अनुसूची दिइएको छ ।

खीष्टको कामलाई बाधा पुऱ्याउने रीतिहरु, नियमहरु, तरिकाहरु अथवा सामाग्रीलाई हटाउनको निम्ति नयाँ करारलाई फिल्टरको रुपमा प्रयोग गरौं । यदि कुनै तरिका त्यहाँ त्यति काम लाग्दो नठहरिएको भए, हामीले त्यसलाई नयाँ क्षेत्रमा लैजानु पर्दैन । भरपर्दो राष्ट्रीय अगुवाहरु मार्फत स्थानीय संस्कृति अनुरुपका चलनहरुलाई स्वीकार्दै, प्रेरितहरुले प्रयोग गरेको तरिकाहरु मात्र हामी प्रयोग गरौं ।

टिप्पणीहरु:

४. मानिसहरुको सेवा गर्नोस् अनि शुरुदेखि नै तिनीहरुको शिक्षक बन्ने प्रयास नगर्नोस् । कुनै पनि काममा सहयोग गर्नोस्, बिरामीको लागि प्रार्थना गर्नोस्, अनि मानिसहरुलाई सुनिदिनोस् ।

५. शुरुदेखि नै मित्रता बढाउनु होस् ।

मानिसहरुको कुन चाहिँ संस्कृति तपाईंकोसित भिन्न छन् ?

यी संस्कृतिहरु मध्ये कुन चाहिँ अरु मानिसहरुलाई त होइन तर तपाईंलाई चाहिँ गलत जस्तो लाग्यो ?

तपाईं जब अर्को संस्कृतिमा प्रवेश गर्नुहुन्छ, तपाईंले कसरी खीष्टको अनुकरण गर्नुहुन्छ ?

© Project WorldReach © SEAN

मि१७ त्यो संस्कृतिलाई सुहाउँदिलो तरिका अनि सामाग्रीहरु प्रयोग गर्नुहोस् ।

लक्ष्य:

मानिसहरुलाई सुसमाचार प्रचार गर्दा वा शिक्षा दिँदा, स्थानीय अगुवाहरुले अनुकरण गर्न सक्ने तरिका मात्र मिसनेरीले प्रयोग गरुन् ।

☐ योजना गरिएको ।
☐ अभ्यास पूरा गरिएको (मिति): _____

अनुकरण गर्नलाई सजिलो पर्ने तरिकाहरु हामी प्रयोग गर्नेछौं, ताकि नयाँ विश्वासीहरुले त्यो काम तुरन्त शुरु गर्न सक्नेछ । यो तरिका अप्नाउँदा मण्डलीहरु बढ्दछन् अनि वृद्धि हुँदछन् । प्रभु येशूले आफ्ना चेलाहरुलाई त्यो काम कहिल्यै गर्न लाउनु भएन जो उनीहरुले अनुकरण गर्न सक्ने गरी उहाँ स्वयंले गर्नुभएको थिएन ।

हामीले वचन त्यस्तो तरिकासँग सिकाउनु पर्दछ कि नयाँ अगुवाहरुले कति पनि ढीलो नगरी अनुकरण गर्न सकून् । यदि हामीले पुल्पिटमा गरिने औपचारिक प्रचारमा मात्र ध्यान

दियौं भने, नयाँ अगुवाहरुले प्रयोग गर्न सक्ने गरी हामी नमूना बन्न सकिरहेका हुँदैनौं । यदि हामीले नयाँ मण्डलीहरु स्थापित गरी वास्ता पुऱ्याउनु हो भने, तिनीहरुले पनि चलाउन सक्ने तरिका हामीले अप्नाउनु पर्दछ । यदि उनीहरुले हाम्रो नमूना पछ्याउन सक्तैनन् भने उनीहरुले पनि आफू नमूना बन्ने प्रयास गर्ने छैनन् ।

यदि हामीले संगीतको लागि महङ्गो बाजाहरु प्रयोग गऱ्यौं भने, अथवा फिल्म देखाउन वा साउण्ड सिस्टम चलाउन उनीहरुकहाँ उपलब्ध हुन नसक्ने सामाग्री चलायौं भने, हामीले त्यही भूल दोहोऱ्याइरहेका छौं । जोसित त्यस्ता सामाग्रीहरु हुँदैन, तिनीहरुले आफू कमजोर ठान्दछन् । तिनीहरुले सेवकाइको निम्ति जिम्मेवारीहरु स्वीकार्ने छैनन् अनि विदेशी मिसनेरीहरुले नै नियन्त्रण गरिरहेको हुन्छ । यो त्यस्तो भूल हो जसले गर्दा धेरै मिसनेरी प्रयासहरुलाई अचल पारिदिन्छ ।

मानिसहरुले प्रशंसा गरेका तरिकाहरु अथवा भौतिक सामाग्रीहरुमा होइन, तर ज्ञानी मिसनेरीले पवित्र आत्मामा भर परेर नमूना बनेर देखाउँछ ।

© Project WorldReach © SEAN